का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० असोज २०८३
मंगलबार
6 October 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २५७। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बिपीकै लाइनमा फर्किए गगन

नेपाली कांग्रेसभित्र विकल्पका रूपमा सामाजिक लोकतन्त्रलाई विचारका रूपमा अघि सार्दै आएका गगन थापाले आफैं सभापति भएपछि भने संस्थापक नेता बिपीको प्रजातान्त्रिक समाजवादसँग मिल्दोजुल्दो लोकतान्त्रिक समाजवादको अवधारणा अँगालेका हुन् ।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १९ असोज

'राष्ट्रियता, लोकतन्त्र र समाजवाद कांग्रेसको वैचारिक आधार हो,' नेपाली कांग्रेसका सभापति गगन थापाले आफ्नो प्रतिवेदनमा भनेका छन्, 'मूल्यमा निरन्तरता र व्यवहारमा परिवर्तन हुनुपर्छ ।' सभापति थापाले पार्टीको १५औं राष्ट्रिय महाधिवेशनको बन्दसत्रमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा आफ्नो वैचारिक धारमा कुनै बदलाव नआएको स्पष्ट सन्देश दिएका हुन् ।

आफ्नो संस्थापक सिद्धान्त प्रजातान्त्रिक समाजवाद भए पनि त्यसलाई परिमार्जन गर्दै 'लोकतान्त्रिक समाजवाद'लाई निरन्तरता दिएको छ । पार्टीको पृष्ठ २ मा

## २५ सदस्यीय बन्यो पदाधिकारी

नेपाली कांग्रेसले १५औं महाधिवेशनबाट पार्टीको केन्द्रीय पदाधिकारीको संख्या बढाएर २५ जना पुऱ्याएको छ । पार्टीभित्रको शक्ति सन्तुलन र नेता व्यवस्थापन गर्न पद थपिएको नेताहरूले बताएका छन् ।

एक वर्षअघि भएको विशेष महाधिवेशनबाट समेत पदाधिकारीको संख्या बढाएको कांग्रेसले यसपटक अझै थपेको हो । सभापतिमा गगन थापा निश्चित देखिए पनि अन्य पदमा भने तीव्र प्रतिस्पर्धा छ । कांग्रेसमा अब एक सभापति, एक वरिष्ठ उपसभापति, चार उपसभापति, तीन महामन्त्री, १४ सहमहामन्त्री र एक कोषाध्यक्ष रहने छन् । प्रवक्तालाई समेत पदाधिकारी मान्ने अभ्यास जोड्दा संख्या २५ पुग्नेछ । पार्टी नेतृत्वको प्रस्तावमा बन्दसत्रबाट यो व्यवस्था पारित भएको कांग्रेसले जनाएको छ । पृष्ठ २ मा



"पार्टीको मूल सिद्धान्त लोकतान्त्रिक समाजवादलाई थप व्याख्या गरेर प्रतिवेदन आएको छ । यसले पार्टीको विचारसँगै मुलुक र नागरिकको अवस्था र आवश्यकतालाई प्रतिनिधित्व गर्छ ।

**गेजा शर्मा वाग्ले**
**राजनीतिक विश्लेषक**



"महाधिवेशनमा युवा, महिला, पेसागत बुद्धिजिवी, पिछडिएको क्षेत्र, आदिवासी जनजाति, दलित, मधेशीलगायतको प्रतिनिधित्व सुनिश्चित गर्न पदाधिकारीको संख्या बढाएका हौं ।

**डा. डिला संग्रौला**
**सहमहामन्त्री, नेपाली कांग्रेस**



# चाडपर्वलाई चुनावी माहोल बनाउँदै दलहरू

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ असोज

नेपाली समाजमा अब चाडपर्वको मौसम सुरु भएको छ । दसैं, तिहार, नेपाल संवत् र छठ लगातार आउने भएकाले कात्तिक र मंसिर महिनामा गाउँदेखि सहरसम्म आफन्त, परिवार, समुदाय भेटघाटमा रहन्छन् ।

चाडपर्वमा हुने यस्तो भेटघाटको माहोललाई राजनीतिक दलहरू चुनावी चर्चाको माहोल बनाउने प्रयत्नमा छन् । यही समयलाई राजनीतिक दलहरूले आगामी स्थानीय तह निर्वाचनको तयारी र जनसम्पर्क विस्तारका लागि उपयोग गर्न लागेका हुन् ।

सबैभन्दा ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीले स्थानीय तह निर्वाचन केन्द्रित अभियान सुरु गरेको छ । मंगलबारबाट रास्वपाका संघीय सांसद् र केन्द्रीय सदस्य प्रत्येक स्थानीय तहमा पुग्दै छन् ।

> राजनीतिक दलका नेता र कार्यकर्ताहरू चाडपर्वको अवसरमा नागरिकसँग भेटघाट गर्ने, शुभकामना आदानप्रदान गर्ने, स्थानीय समस्या सुन्ने र आफ्ना राजनीतिक धारणा राख्ने अवसर बनाउन खोज्दै छन् ।

यसका लागि यसअघि नै रास्वपाले संगठनात्मक र उम्मेदवार छनोटसम्बन्धी गृहकार्य थालेको थियो । रास्वपाले स्थानीय निर्वाचनका लागि उम्मेदवार छनोटको रूपरेखा बनाउन समिति गठन गरेको थियो ।

रास्वपाले मंगलबारदेखि असोज २७ गतेसम्म एक साताका लागि विभिन्न जिल्लामा नेताहरू खटाएको छ । प्रदेशअनुसार जिल्लाहरूमा जिम्मेवारी पाएका नेताहरूलाई स्थानीय तह निर्वाचनकेन्द्रित गतिविधि, पृष्ठ २ मा



"आगामी चुनावमा उठाउने उम्मेदवार छनोटको विधि बुझाउने र वर्तमान सरकार गठन भएपछिको ६ महिनामा संसद् र सरकारमार्फत भएका पहलबारे जानकारी गराउने अभियानको उदेश्य छ ।

**निशा डाँगी**
**सहमहामन्त्री, रास्वपा**

**जेनजी आन्दोलन**

# अघि बढ्यो मुद्दा फिर्ता लिने प्रक्रिया

सरकारी अखिलेखअनुसार ३३ जिल्लामा एक हजार ८८७ जनाविरुद्ध ४४५ वटा मुद्दा विचाराधीन छ । तीमध्ये केही फरार छन् भने केही थुनामा छन् । केही धरौटी तथा तारेखमा छुटेका छन् । 'राजनीतिक विरोधमा सहभागी भएकै कारण फौजदारी अभियोजन नगरिने' भन्ने जेनजीसँगको सम्झौतामा टेकेर मुद्दा फिर्ता लिने प्रक्रिया अघि बढाइएको हो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ असोज

जेनजी आन्दोलनका क्रममा भएका गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ परेका र दर्ता भएका फौजदारी मुद्दा फिर्ता लिने प्रक्रिया अघि बढाइएको छ । सोमबार बसेको मन्त्रिपरिषद्ले पूर्वन्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा गठित समितिको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालय पठाउने निर्णय गरेको छ । यो सँगै मुद्दा फिर्ताको प्रक्रिया अघि बढेको हो ।

सरकारी अखिलेखअनुसार ३३ जिल्लामा एक हजार ८८७ जनाविरुद्ध ४४५ वटा मुद्दा विचाराधीन छ । तीमध्ये केही प्रतिवादी फरार छन् भने केही थुनामा छन् । केही धरौटी तथा तारेखमा छुटेका छन् । 'राजनीतिक विरोधमा सहभागी भएकै कारण फौजदारी अभियोजन नगरिने' भन्ने जेनजीसँगको सम्झौतामा टेकेर मुद्दा फिर्ता लिने प्रक्रिया अघि



बढाइएको हो । पूर्वन्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा गठित समितिले ती मुद्दाको प्रकृति अध्ययन गरी फिर्ता गर्न मिल्ने र नमिल्ने मुद्दा छुट्याएर सरकारलाई प्रतिवेदन बुझाएको छ ।

जेनजी आन्दोलन २०८२ भदौ २३ र २४ गते भएको थियो । भदौ २३ गते युवाहरूको प्रदर्शनमाथि प्रहरीले गोली चलाएपछि ठूलो संख्यामा मानवीय क्षति भयो । त्यसको भोलिपल्ट भदौ २४ गते प्रदर्शन थप उग्र बनेको थियो । भदौ २४ गते आगजनी, तोडफोड, लुटपाट तथा सुरक्षा निकायमाथि आक्रमणका घटना भएका थिए । त्यसपछि आन्दोलनका क्रममा भएका विभिन्न घटनामा संलग्न रहेको आरोपमा अनुसन्धान गरी फौजदारी मुद्दा चलाइएको थियो ।

आन्दोलनपछि तत्कालीन अन्तरिम सरकार र जेनजी प्रतिनिधिबीच २०८२ मंसिर २४ गते १० बुँदे पृष्ठ २ मा

# 'हेलो सरकार ! व्यापारीले बिलै दिंदैनन्'

बिल माग्दा आनाकानी गर्ने, बिल दिन नचाहने वा कारोबारलाई औपचारिक रूपमा अभिलेख गर्न खोज्ने प्रवृत्तिविरुद्ध उपभोक्ताहरू सरकारी गुनासो व्यवस्थापन प्रणाली 'हेलो सरकार'सम्म पुगेका छन् ।



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १९ असोज

सरकारले उपभोक्तालाई खरिदको बिल लिन प्रोत्साहित गर्न 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' ल्याएपछि बजारमा बिल माग्ने उपभोक्ताको संख्या बढेको छ । तर, व्यवसायीले बिल दिन नमानेको गुनासो पनि सँगसँगै सरकारसम्म पुग्न थालेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को पृष्ठ २ मा

## वर्षमा १ लाख ८४ हजार गुनासो

आर्थिक वर्ष २०८२/०८३ मा 'हेलो सरकार'को आधिकारिक पोर्टलमा विभिन्न सार्वजनिक निकाय र सेवासम्बन्धी १ लाख ८४ हजारभन्दा बढी गुनासा दर्ता भएका छन् ।

नेपालका विभिन्न सरकारी कार्यालयमध्ये सेवा प्रवाह र पारदर्शिता सुधारका लागि गरिएको अनुगमनमा प्रहरी प्रधान कार्यालय सर्वाधिक गुनासा तथा उजुरी प्राप्त हुने निकायको सूचीमा शीर्ष स्थानमा रहेको छ । संस्थागत जवाफदेहिता र पारदर्शितालाई प्राथमिकता दिँदै गरिएको अनुगमनमा नागरिकका विभिन्न १० प्रमुख निकायमा उच्च संख्यामा उजुरी दर्ता भएका छन् ।

हेलो सरकारका अनुसार प्रहरी प्रधान कार्यालयमा १४ हजार ४५०, नेपाल विद्युत् प्राधिकरणमा ७ हजार ५२३, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा ४ हजार ५९६, गृह मन्त्रालयमा ४ हजार ४२७, शिक्षा तथा खेलकुद पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसिया चाहिन्छ, सिन्डिकेट चाहिँदैन : संघ




**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असोज

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कुनै पनि अवस्थामा सिन्डिकेट स्वीकार नगरिने अडान दोहोऱ्याएको छ । नेपाली श्रमिकहरूको आकर्षक श्रम गन्तव्य मुलुक मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा दर्ता रहेका मुख्य २५ नेपाली म्यानपावर कम्पनी र उनीहरू मातहतका २५० संस्थालाई फिर्ताको माग गरिरहेको संघले सोमबार पत्रकार सम्मेलनमार्फत आफ्नो अडान दोहोऱ्याएको हो ।

सरकारले छानबिनका लागि भन्दै मुख्य २५ नेपाली म्यानपावर कम्पनीको मलेसियाको पूर्वस्वीकृति रोकेको छ भने सहायक संस्था भनिएका २५० संस्थालाई स्पष्टीकरण सोधेको छ । परराष्ट्र मन्त्रालयले उक्त प्रणालीमा सहभागी नहुने भनी प्रतिबद्धता जनाएका कम्पनीहरूको पत्र मलेसिया पठाएको बताएको छ । तर, मलेसिया रोजगारीमाथिको अन्योल हटेको छैन ।

नीतिगत सुधारका माध्यमबाट श्रमिकको हकहित संरक्षण गर्दै पृष्ठ २ मा

**पर्यटन प्रवर्द्धन गरौं**

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# सात दशकदेखिको भूमिहीन समस्या समाधानतर्फ सरकार क्रियाशील

**काठमाडौं/मस–**प्रधानमन्त्री वालेन्द्र शाहले भूमिहीन सुकुमबासीको समस्या समाधान गर्ने दिशामा सरकार अघि बढिरहेको बताएका छन् ।

प्रधानमन्त्री शाहले सोमबार सामाजिक सञ्जालमार्फत भूमिसम्बन्धी ऐन, वन ऐनलगायत सम्बन्धित कानुनमा आवश्यक सुधार गरी भूमिहीनको समस्या समाधान प्रक्रियालाई गति दिइने बताएका हुन् । उनले कानुनी, प्रक्रियागत तथा संरचनागत अवरोध आवश्यकताअनुसार हटाउँदै जिल्ला-जिल्लामा भूमिहीन सुकुमबासीको समस्या समाधान गरी क्रमशः सुकुमबासी समस्यामुक्त जिल्ला घोषणा गर्ने सरकारको लक्ष्य रहेको बताएका छन् । सात दशकदेखि आश्वासन पाउँदै आएका नागरिकलाई अब लालपुर्जा उपलब्ध गराउने गरी काम भइरहेको उनले उल्लेख गरेका छन् ।

भूमि समस्या समाधान समिति गठन भएपछि देशभरका तथ्याङ्क एकीकृत रूपमा सङ्कलन तथा प्रशोधन भइरहेको प्रधानमन्त्री शाहले बताएका छन् । हालसम्म प्रणालीमा १३ लाख ११ हजार १९७ निवेदन प्रविष्ट भएका छन् । ती निवेदनको अध्ययन तथा प्रमाणीकरणको काम अघि बढिसकेको र अब



प्राथमिकता निर्धारण गरी समाधानतर्फ लैजाने प्रक्रिया अघि बढाइएको उनले बताएका छन् ।

प्रधानमन्त्री शाहका अनुसार विभिन्न जिल्लामा लालपुर्जा नभएका स्वबासी, भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासी गरी ५ हजार ७३७ परिवारलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण भइसकेको छ । यो सुरुवात भएको उल्लेख गर्दै उनले अब प्रक्रिया तीव्र गतिमा देशभर विस्तार गरिने बताएका छन् ।

सार्वजनिक महत्वका क्षेत्र तथा जोखिमयुक्त स्थानमा बसेका भूमिहीन सुकुमबासीलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्ने प्रक्रिया पनि अघि बढाइएको उनले बताएका छन् । काठमाडौं उपत्यकाबाट विस्थापित परिवारका हकमा उनीहरूको स्थायी वतन भएको जिल्लामै भूमि व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाइएको उनले जानकारी दिएका छन् ।

झुटो विवरण दिई आफूलाई भूमिहीन देखाउनेको अभिलेख भिडान गरी आवश्यक कानुनी कारबाहीको प्रक्रिया पनि सुरु गरिएको प्रधानमन्त्री शाहले बताएका छन् । प्रधानमन्त्री शाहले २०१५ सालको संसदीय निर्वाचनमा तत्कालीन सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेसले आफ्नो घोषणापत्रमा भूमिहीन किसानलाई जग्गा वितरण गर्ने विषय समेटेको स्मरण गरेका छन् ।

त्यसयता देशमा विभिन्न राजनीतिक व्यवस्था र सरकार परिवर्तन भए पनि सात दशकअघि राजनीतिक घोषणामा समेटिएको सुकुमबासीको समस्या अझै प्रमुख राष्ट्रिय मुद्दाका रूपमा रहेको उनले बताएका छन् । दशकौंदेखि राजनीतिक दलहरूले यही समस्या समाधान गर्ने आश्वासन दिएर नागरिकसँग मत माग्दै आए पनि आयोग, समिति र विभिन्न संरचना गठन र विघटन हुँदै आएको उनले उल्लेख गरेका छन् ।

# शैक्षिक क्षेत्रका व्यक्तित्वलाई सम्मान र पुरस्कार प्रदान

**काठमाडौं/मस–**शिक्षा पत्रकार समूहको २७औं साधारणसभा तथा १३औं अधिवेशनका अवसरमा आज शिक्षा क्षेत्रका विभिन्न व्यक्तित्व तथा संस्थालाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । कार्यक्रममा गत भदौ १० गतेको भोटेकोशी बाढीका क्रममा विद्यार्थीलाई सुरक्षित राख्न सफल नुवाकोटको त्रिशूली त्रिवेणी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र दवाडी, शिक्षा पत्रकार समूहका संस्थापक अध्यक्ष राजन शर्मा, नवप्रवर्तनात्मक कार्यका लागि रानीवारी माध्यमिक विद्यालयकी विद्यार्थी बेबिसा मगराती तथा संस्थागततर्फ सेभ द चिल्ड्रेनलाई सम्मान गरिएको हो । संस्थापक शर्मालाई दिइएको शिक्षा पत्रकारिता पुरस्कारको राशि २५ हजार रुपैयाँ रहेको छ ।

कार्यक्रममा शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले ती सम्मान तथा पुरस्कार प्रदान गरेका हुन् । यसैगरी




शिक्षासेवी सम्मान जिलेशन साहलाई प्रदान गरियो । कार्यक्रममा शिक्षा क्षेत्रका विभिन्न संघसंस्थाका प्रतिनिधिले शैक्षिक रूपान्तरण र सुधारका लागि सरकार तथा सरोकारवालाबीच निरन्तर संवादको प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिए । शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले शिक्षा क्षेत्रका समस्या, नीति तथा सुधारका विषयलाई तथ्यपरक रूपमा सार्वजनिक बहसमा ल्याउन शिक्षा पत्रकारको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गरे । नेपाल शिक्षक महासंघका अध्यक्ष सुन्दर पन्तले सरकारले आफूहरूले राखेका मागबारे छलफल गर्न वार्तामा बोलाउन माग गरे । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई)का अध्यक्ष लवराज ओलीले शैक्षिक रूपान्तरणका लागि शिक्षा पत्रकारको सहकार्य आवश्यक रहेको बताए । प्याब्सनका उपाध्यक्ष दीपिका थापा रिमालले निजी क्षेत्रमको भूमिका उल्लेखनीय रहेको विचार प्रकट गरे ।

**बिपीकै ...**

कांग्रेसको १५औं महाधिवेशनलाई संस्थापक नेताहरूको लिगेसीबाट आएका नेताहरूले बहिष्कार गरेसँगै नयाँ पुस्ताले पार्टीको बागडोर सम्हाल्ने भएका छन् । यसबाट पार्टीको संस्थागत संरचनामा बदलिएको देखिन्छ । यद्यपि पार्टीको संस्थापक विचारबाट कांग्रेस विचलित नभएको सन्देश प्रवाह भएको छ ।

सभापति थापाले पेस गरेको प्रतिवेदनको खण्ड 'ग'अन्तर्गत एक्काइसौं शताब्दीमा पार्टीको वैचारिक दिशा सम्बन्धमा व्याख्या गरेका छन् । यद्यपि तिनको पुनर्जागरण र प्रभावकारी कार्यान्वयनमा मूल मूल्यप्रति दृढता र व्यवहारमा आवश्यक परिवर्तन दुवै हुनुपर्नेमा जोड दिएका छन् । गत पुस अन्तिममा भएको विशेष महाधिवेशनमा थापाले 'सामाजिक लोकतन्त्र'लाई पार्टीको विचारधारका रूपमा अघि सार्ने प्रयास गरेका थिए । उनको सो प्रयासपछि नेपाली कांग्रेस वैचारिक स्पष्टतामाथि प्रश्न उठेको थियो । पार्टीका संस्थापनइतर समूहका नेताहरूले कांग्रेसलाई विशेष महाधिवेशनबाट आएको गगन थापाको नेतृत्वबाट वैचारिक स्खलन ल्याएको आरोप लगाउँदै आएका थिए । कांग्रेसको विचारसँग निकट भएकाहरूले समेत यो विषयमा टिप्पणी गरेका थिए ।

यद्यपि पार्टीको १५औं महाधिवेशनले कांग्रेसको मूल सिद्धान्तलाई नछोडी त्यसैभित्रबाट समयानुकूल व्याख्या गरेको हो । 'राष्ट्रियता, लोकतन्त्र र समाजवाद कांग्रेसको यही वैचारिक परम्पराका मूल आधार हुन्,' सभापति थापाले भनेका छन्, 'तिनको पुनर्जागरण र प्रभावकारी कार्यान्वयनमा मूल मूल्यप्रति दृढता र व्यवहारमा आवश्यक परिवर्तन दुवै चाहिन्छ । व्यवहारमा परिवर्तन भएन भने जड हुन्छ ।' वैचारिक आधारलाई कांग्रेसले समुन्नत नेपाल, सम्मानित नेपालीको ध्येयसँग जोड्ने थापाले दाबी गरे । यही विचारका आधारमा कांग्रेसले आगामी चार वर्षको कार्यक्रम समुन्नत नेपाल हुने भन्दै थापाले पार्टीको अबको लक्ष्य समृद्धि नभई समुन्नत नेपाल भएको प्रतिवेदन ल्याएका हुन् ।

संस्थापक विचरामा स्पष्टता कायम राख्दै कांग्रेसको १५औं महाधिवेशनबाट नेतृत्वमा पूर्ण बदलाव ल्याउने योजना बनाएको छ । खुल्लामञ्चमा जारी महाधिवेशनमा सभापति थापाले आगामी चार वर्षका लागि कांग्रेसको राजनीतिक, वैचारिक, संगठनात्मक तथा आर्थिक कार्यदिशा प्रस्तुत गरेको छ । उक्त प्रतिवेदनमा विगतको आत्मसमीक्षादेखि सरकारलाई खबरदारी, निर्वाचनपूर्व गठबन्धन नगर्ने नीति, पार्टीको पुनर्संरचना, निजी क्षेत्रसँग सहकार्य, युवा सहभागिता र 'समुन्नत नेपाल, सम्मानित नेपाली'को अवधारणासम्म समेटेका छन् ।

जननायक बिपी कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायत स्थापनाकालीन नेताहरूदेखि भीमबहादुर तामाङ र प्रदीप गिरिसम्म विभिन्न पुस्ताका नेता तथा चिन्तकले कांग्रेसको वैचारिक परम्परालाई समकालीन र समृद्ध बनाउँदै आए । प्रत्येक पुस्ताले आफ्नो समयका अनुभव, प्रश्न र ज्ञानबाट यसमा नयाँ आयाम थपेको कांग्रेसले दाबी गरेको छ । बिपीको लोकतान्त्रिक समाजवादले सबैभन्दा गरिब र पछाडि परेको भुइँमान्छेको जीवनबाट नीति हेर्न सिकाउँछ । उनीहरूले देखाएको समाजमा राजनीतिक स्वतन्त्रता र आर्थिक न्याय एकअर्काका परिपूरक हुने सभापति थापाले बताएका छन् । 'राज्यले व्यक्तिको स्वतन्त्रता र पहललाई दमन गर्न सक्दैन, न त बजारले न्याय र अवसरको प्रश्नलाई उपेक्षा गर्न सक्छ । सार्वजनिक लगानी, कर र नियमनहरूले बहिष्करणमा परेका नागरिकको जीवनमा के अवसर सिर्जना गर्छन् भन्ने प्रश्न हाम्रो निर्णयको मापदण्ड बन्नुपर्छ,' उनले प्रतिवेदनमा भनेका छन् । लोकतन्त्रबाट अलग राष्ट्रियता राज्यकेन्द्रित, स्वतन्त्रताबाट अलग समाजवाद नियन्त्रणकारी र सामाजिक-आर्थिक सामर्थ्यविनाको लोकतन्त्र औपचारिक समानतामा सीमित हुने थापाको व्याख्या छ । 'तिनको सन्तुलनमा नै कांग्रेसको वैचारिक शक्ति निहित छ,' उनले भनेका छन् ।

कांग्रेसलाई नजिकबाट हेरेका विश्लेषकहरूले नयाँ कांग्रेस वैचारिक धारबाट अलग नभएको तर सांगठनिक संरचना र देशको बदलिँदो परिवेशअनुसार नीति कार्यक्रमहरूमा फेरबदल भएको बताउँछन् । नेपाली कांग्रेसको मार्गनिर्देशक सिद्धान्त लोकतान्त्रिक समाजवाद नै भएको तर त्यसको आत्मभित्रै रहेर सभापतिले नयाँ व्याख्या गरेको राजनीतिक विश्लेषक गेजा शर्मा वाग्लेले बताए । 'वर्तमान राजनीतिक, सामाजिक परिवेशलाई हेरेर सभापति थापाले पार्टीको लोकतान्त्रिक समाजवादको विचारमै रहेर केही नयाँ व्याख्याहरू गर्नुभएको छ,' शर्माले मध्यान्हसँग भने, 'पार्टीको मूल सिद्धान्त लोकतान्त्रिक समाजवादलाई नै थप व्याख्या गरेर प्रतिवेदन आएको छ । यसले पार्टीको विचारसँगै मुलुक र नागरिकको अवस्था र आवश्यकतालाई प्रतिनिधित्व गर्छ ।'

विगतमा पार्टी सभापति थापाले भन्दै आएको सामाजिक लोकतन्त्र पनि विकल्प हुन सक्ने उनको भनाइ छ । 'सभापतिले बेलाबखत भन्दै आउनुभएको सामाजिक लोकतन्त्र पनि एउटा विकल्प हो भन्ने थियो,' तर, डकुमेन्टकै हिसाबले अघि बढेको अवस्था थिएन ।' बललिँदो परिवेश र समयानुकूल कांग्रेसलाई परिमार्जन गर्न पार्टीले मूल विचारलाई व्याख्या गर्दै फराकिलो बनाउन सक्ने उनको भनाइ छ ।

कांग्रेसको राजनीतिक तथा वैचारिक यात्रा राष्ट्रियता, लोकतन्त्र र समाजवादका आधारभूत आदर्शसँग अभिन्न रूपमा जोडिएको पार्टी प्रवक्ता देवराज चालिसेले बताए । उनले मध्यान्हसँग भने, 'राष्ट्रियता, लोकतन्त्र र समाजवाद तीन आदर्श कुनै निश्चित समयका राजनीतिक नारा मात्र होइनन्, राष्ट्र, नागरिक र समाजबीचको सम्बन्धलाई परिभाषित गर्ने स्थायी मान्यता हुन् ।' पार्टीको मूल सिद्धान्तलाई अंगिकार गर्दै नयाँ दिशानिर्देश गर्नुपर्ने अहिलेको अवस्था रहेकाले कांग्रेस त्यही बाटोमा अघि बढ्ने उनको दाबी छ ।

सभापतिले थापाले आफ्नो राजनीतिक प्रतिवेदनमार्फ गठबन्धन व्यवस्थापन, भागबन्डा, गुटबन्दी र लेनदेन नगर्ने कार्यनीति लिएका छन् । यो विषयलाई थापाले यसअघिका प्रतिवेनदहरूमा पनि लेख्दै आएका थिए । २०८२ साउनमा भएको पार्टीको महासमिति भेलाबाटै महामन्त्रीको हैसियतमा थापाले चुनावी गठबन्ध, राजनीतिक भागबन्डा र प्रधानमन्त्रीकै लागि पालो गर्ने व्यावहारिक नीतिबाट बाहिर निस्कनुपर्ने प्रस्ताव पेस गरेका थिए । अहिले पनि उनले त्यसलाई निरन्तरता दिएका छन् । प्रतिवेदनमा सभापति थापाले राजनीतिले पार्टीको नैतिक धरातल कमजोर बनाएको तथा भ्रष्टाचार र अनियमिततामा आफ्नै पक्षका व्यक्तिलाई संरक्षण गर्ने प्रवृत्तिले सार्वजनिक संस्थाको स्वायत्तता कमजोर बनाएको उल्लेख छ । युवापुस्तासँग पार्टीको दूरी बढेको र नागरिकका बदलिँदा अपेक्षा बुझ्न नसकेको आत्मसमीक्षा गर्दै दोस्रो विशेष महाधिवेशनमार्फत जनतासँग क्षमायाचना गरी पार्टी सुधारको संकल्प गरिएको प्रतिवेदनमा उल्लेख छ ।

**२५ सदस्यीय...**

१३ औं महाधिवेशनसम्म कांग्रेसमा ६ पदाधिकारी थिए । त्यसबेला एक उपसभापति, दुई महामन्त्री, एक सहमहामन्त्री र कोषाध्यक्षको व्यवस्था थियो । त्यसमध्ये केही पद मनोनीत हुने व्यवस्था थियो । १४औं महाधिवेशनमा आइपुग्दा पदाधिकारीको संख्या बढेर १३ पुग्यो । एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री र एक कोषाध्यक्षको व्यवस्था गरिएको थियो । प्रवक्तालाई समेत जोड्दा संख्या १४ पुग्थ्यो । तर यसपटक पदाधिकारीको संख्या झन्डै दोब्बर बनाइएको छ । नेपाली कांग्रेसको विधानमै व्यवस्था गरेर युवा, महिला, पेसागत बुद्धिजिवी, पिछडिएको क्षेत्र, आदिवासी जनजाति, दलित, मधेशीलगायतको प्रतिनिधित्व गराएसँगै पार्टीको पदाधिकारी संख्या बढाएको सहमहामन्त्री डा. डिला संग्रौला पन्तले बताइन् । उनले मध्यान्हसँग भनिन्, 'कांग्रेसमा यसपटक महाधिवेशन प्रतिनिधिहरू नै साढे सात हजार बढी छन् । त्यसमा युवा, महिला, पेसागत बुद्धिजिवी, पिछडिएको क्षेत्र, आदिवासी जनजाति, दलित, मधेशीलगायतको प्रतिनिधित्व सुनिश्चित गर्न पदाधिकारीको संख्या बढाउएका हौं ।' पहिला दुई उपसभापति रहेको कांग्रेसमा अब एक महिला सहित चार उपसभापति र दुई महामन्त्री रहेकोमा एक महिलासहित तीनजना महामन्त्री बनाइएको संग्रौलाले बताइन् । विशेष महाधिवेशन पनि पद थपिने क्रमको एउटा कारण बनेको छ । त्यहाँ सहमहामन्त्रीको संख्या आठबाट बढाएर ११ पुऱ्याइएको थियो ।

कांग्रेस प्रवक्ता देवराज चालिसे भने पदाधिकारी बढाउनुको कारण आकांक्षी व्यवस्थापन मात्र नभएको दाबी गर्छन् । 'यो पदीय भागबन्डा मात्रै होइन,' चालिसेले भने, 'यसलाई पार्टीको कार्यक्षेत्र विस्तार गरिएको रूपमा बुझ्नुपर्छ ।' पदाधिकारी थपिनुको अर्को कारण पछिल्लो समय संस्थापन समूहमा जोडिएका नेताहरूको व्यवस्थापन भएको कांग्रेसका नेताहरूले बताए । लामो समय शेरबहादुर देउवा निकट रहेर राजनीति गरेका केही नेता विशेष महाधिवेशनलाई नै वैधानिक नमान्ने पक्षमा थिए । पछिल्लो समय उनीहरू मूल कांग्रेसमा जोडिएका कारण उनीहरूलाई व्यवस्थापन गर्न पनि पदाधिकारी थप्नुपर्ने अवस्था आएको शीर्ष नेताहरू बताउँछन् ।

**चाडपर्वलाई...**

संगठन विस्तार तथा पार्टीको अभियानमा परिचालन गर्ने जनाइएको छ ।

रास्वपा सहमहामन्त्री निशा डाँगीका अनुसार यसपटक रास्वपाले नागरिकका कुरा सुन्न मात्र होइन पार्टीको कुरा पनि सुनाउन खोजेको छ । भिडियो सन्देश जारी गर्दै उनले अभियानको मुख्यतः दुईवटा उद्देश्य रहेको बताएकी छन् ।

उनका अनुसार स्थानीय तहको कामकारबाही र आगामी चुनावमा उठाउने उम्मेदवार छनोटको विधि बुझाउने र वर्तमान सरकार गठन भएपछिको ६ महिनामा संसद र सरकारमार्फत भएका पहलबारे जानकारी गराउने गरी अभियान सुरु गरेको हो ।

नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीलगायत दलहरू पनि स्थानीय निर्वाचन लक्षित संगठन पुनर्गठन, प्रशिक्षण र जनप्रतिनिधिसँगको अन्तर्क्रियामा छन् ।

अर्थात्, राजनीतिक दलहरू चाडपर्व नजिकिँदै गर्दा गाउँ केन्द्रित हुँदै छन् ।

सरकार र निर्वाचन आयोगको तयारीअनुसार स्थानीय तहको निर्वाचन आगामी फागुनमा गर्ने गृहकार्य भइरहेको छ । स्थानीय तहका जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल सकिन लागेकाले निर्वाचनको समय पनि नजिकिँदै गएको छ ।

यसकारण यसपटकको दसैं तिहार चाडपर्व मनाउने समय मात्र नभएर राजनीतिक दलका लागि जनतामाझ पुग्ने अवसरसमेत बन्दै छ ।

यो समयमा दलहरू आफ्ना राजनीतिक एजेन्डा, सरकारका काम, स्थानीय विकासका मुद्दा र आगामी निर्वाचनका प्राथमिकता नागरिकसम्म पुऱ्याउँदै छन् ।

नेपाली कांग्रेस अहिले १५औं महाधिवेशनको प्रक्रियामा छ । कांग्रेसको महाधिवेशन असोज १८ देखि सुरु भएको हो र अहिले बन्दसत्र तथा नेतृत्व चयनको प्रक्रिया अघि बढिरहेको छ ।

महाधिवेशनले कांग्रेसको नयाँ नेतृत्व मात्र चयन गर्ने छैन, आगामी निर्वाचनमा पार्टीले लिने राजनीतिक बाटो र संगठन सञ्चालनको प्राथमिकता पनि प्रभावित गर्नेछ । महाधिवेशनका लागि देशभरबाट प्रतिनिधिहरू काठमाडौंमा भेला भएका छन् । महाधिवेशन लगत्तै गाउँकेन्द्रित हुने कांग्रेस नेताहरू बताउँछन् ।

नेपाली कम्युनिस्ट पार्टी पनि मंसिरमा गर्ने भनिएको महाधिवेशनलाई स्थानीय तह निर्वाचनपछि सार्ने र चुनाव केन्द्रित हुने तयारीमा छ ।

गत वैशाखमा नेकपाले मंसिर ११ देखि १५ गतेसम्म काठमाडौंमा महाधिवेशन गर्ने निर्णय गरेको थियो । त्यसका लागि सदस्यता नवीकरणदेखि वडा, पालिका, जिल्ला र प्रदेश अधिवेशनसम्मको कार्यतालिका बनाइएको थियो । तर तोकिएको कार्यतालिकाअनुसार संगठनात्मक काम अघि बढ्न नसकेपछि महाधिवेशनको मिति पुनर्विचारको विषय बनेको हो ।

नेकपाका प्रवक्ता प्रकाश ज्वालाले महाधिवेशनको मिति तय गर्दा स्थानीय निर्वाचनलाई समेत ध्यानमा राखिने बताएका छन् । अर्थात् स्थानीय चुनावलाई प्राथमिकता दिँदै नेकपा महाधिवेशन नै पछाडि सार्ने विकल्पमा पुगेको छ । चुनावका लागि चाडपर्वको माहोलको उपयोग गर्ने नीतिमा यो पार्टीका नेताहरू पनि छन् ।

दसैंमा देशका विभिन्न भागबाट मानिसहरू आफ्नो गाउँघर फर्किन्छन् । तिहारमा परिवार र समुदायको जमघट हुन्छ । त्यसपछि नेपाल संवत् छ । तराई-मधेशमा छठ पर्वका अवसरमा पनि ठुलो सामाजिक जमघट हुन्छ ।

चाडपर्वको अवसरमा नागरिकसँग भेटघाट गर्ने, शुभकामना आदानप्रदान गर्ने, स्थानीय समस्या सुन्ने र आफ्ना राजनीतिक धारणा राख्ने अवसर बनाउन खोज्दै छन् ।

**अघि...**

सम्झौता भएको थियो । तत्कालीन प्रधानमन्त्री सुशीला कार्की र जेनजी प्रतिनिधिका तर्फबाट भोजविक्रम थापाले सम्झौतामा हस्ताक्षर गरेका थिए ।

सम्झौताको प्रस्तावनामै २०८२ भदौ २३ र २४ गते भएको घटनालाई 'जेनजीको नेतृत्वमा भएको राजनीतिक-सामाजिक जनआन्दोलन' का रूपमा स्वीकार गरिएको थियो ।

मुद्दासँग सम्बन्धित सबैभन्दा महत्त्वपूर्ण व्यवस्था सम्झौताको दोस्रो बुँदामा छ । जसले भदौ २३ र २४ को जनआन्दोलनसँग सम्बन्धित राजनीतिक विरोधको गतिविधिमा सहभागी भएकै कारण कसैउपर फौजदारी अनुसन्धान वा अभियोजन नगरिने उल्लेख छ ।

सम्झौतामा आन्दोलनका क्रममा भएका घटना र व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा संगठित रूपमा गरेका हिंसात्मक कार्यबीच विभेद गरी छानबिन गर्नुपर्ने पनि उल्लेख छ । रेग्मी समितिले पनि यही आधारमा मुद्दाको प्रकृति छुट्याएको छ ।

समितिले सुरक्षाकर्मीमाथि सांघातिक आक्रमण, प्रहरी चौकी आक्रमण तथा हतियार लुटपाटमा संलग्न व्यक्तिविरुद्धका मुद्दा फिर्ता लिन नहुने सुझाव दिएको छ ।

त्यस्तै सर्वोच्च अदालत, संघीय संसद् र सिंहदरबारमा तोडफोड तथा आगजनीमा संलग्नविरुद्धका मुद्दा पनि फिर्ता गर्न नहुने समितिको सुझाव छ ।

निजी प्रतिष्ठान वा व्यक्तिगत सम्पत्ति तोडफोडका मुद्दामा भने फरक व्यवस्था सुझाइएको छ । कसुर स्वीकार गरी क्षतिपूर्ति दिन तयार भए वा पीडितले माफी दिन चाहे सम्बन्धित जाहेरीकर्ता वा पीडितको सहमतिमा त्यस्ता मुद्दा फिर्ता गर्न सकिने समितिको सुझाव छ ।

आन्दोलनमा सहभागी भएर सडकमा आएका, नाराबाजी गरेका तर अन्य आपराधिक गतिविधिमा संलग्न नदेखिएका व्यक्तिमाथि चलेका मुद्दा भने फिर्ता गर्नुपर्ने समितिको निष्कर्ष छ ।

यस्तो निष्कर्ष सहितको प्रतिवेदन मन्त्रिपरिषद्ले गृह मन्त्रालय पठाउने निर्णय गरे पनि मुद्दा तत्कालै खारेज हुने छैन । मुद्दा फिर्ताका लागि प्रचलित कानुनी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।

मुद्दा फिर्ता गर्ने निर्णय भएपछि महान्यायाधिवक्ता कार्यालयमार्फत सरकारी वकिलले सम्बन्धित अदालतमा निवेदन दिनुपर्नेछ । अदालतको अनुमति पाएपछि मात्रै मुद्दा फिर्ता हुन्छ ।

यसअघि जेनजी आन्दोलनसँग सम्बन्धित फौजदारी मुद्दाको अध्ययन भइरहेकाले महान्यायाधिवक्ता कार्यालयले त्यस्ता मुद्दाको पेसी स्थगित गर्न सरकारी वकिल कार्यालयहरूलाई निर्देशन दिएको थियो ।

सरकारी अधिकारीहरू आन्दोलनमा सहभागी भएकै आधारमा मुद्दा चलाइएका व्यक्तिलाई उन्मुक्ति दिने सम्झौताको व्यवस्था कार्यान्वयनतर्फ प्रक्रिया अघि बढाएको बताउँछन् । तर हिंसात्मक आक्रमण, आगजनी, तोडफोड, हतियार लुटपाट तथा गम्भीर आपराधिक गतिविधिमा संलग्नलाई भने मुद्दाबाट उन्मुक्ति नदिने उनीहरूको जवाफ छ ।

**हेलो...**

कार्यालयमातहत रहेको 'हेलो सरकार'मा व्यापारीले बिल नदिने र ई-सेवामार्फत भुक्तानी गर्न लगाउने गरेको गुनासो आउने गरेका छन् । सरकारले वास्तविक बिल वा बीजक लिने उपभोक्तालाई पुरस्कारमा सहभागी गराउने व्यवस्था गरेपछि सामान तथा सेवा खरिद गर्दा बिल माग्ने क्रम बढेको हो ।

आन्तरिक राजस्व विभागले सञ्चालन गरेको कार्यक्रमको उद्देश्य उपभोक्तामा बिल लिने बानी विकास गर्नुका साथै कारोबारलाई पारदर्शी बनाउनु र कर कानुनको परिपालना गराउनु रहेको जनाएको छ । तर, बिल माग्ने उपभोक्ताको संख्या बढेसँगै सबै व्यवसायीले सहज रूपमा बिल उपलब्ध नगराउने समस्या देखिएको छ । बिल माग्दा आनाकानी गर्ने, बिल दिन नचाहने वा कारोबारलाई औपचारिक रूपमा अभिलेख गर्न नखोज्ने प्रवृत्तिविरुद्ध उपभोक्ताबाट गुनासो आउने गरेका छन् । यस्ता गुनासा सरकारी गुनासो व्यवस्थापन प्रणाली 'हेलो सरकार'सम्म पनि पुग्ने गरेका हो ।

दिनहुँ भ्याट बिल नपाएको सम्बन्धी गुनासो आउने गरेको हेलो सरकारका अधिकृत सुवर्ण बज्रचार्य बताउँछन् । सरकारले ल्याएको नयाँ कार्यक्रमले उपभोक्तालाई नै कर प्रणालीको निगरानीमा सहभागी गराउने प्रयास गरेको छ । नगदमा खरिद गर्ने उपभोक्ताले प्यान वा भ्याट बिल लिएर विभागको प्रणालीमा विवरण प्रविष्ट गरी पुरस्कार कुपन प्राप्त गर्न सक्छन् । क्युआर वा कार्डमार्फत भएको कारोबार पनि कार्यक्रमको प्रक्रियाअनुसार समावेश हुन्छ । 'नागरिकले सामान खरिद गरिसकेपछि अनलाइन ब्यांकिङ गर्न नचाहने र इसेवामार्फत कारोबार गर्न लगाउने गरेको गुनासो गर्छन्,' उनले भने, 'सरकारले उपभोक्तालाई खरिदको बिल लिन प्रोत्साहित गर्न 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' ल्याएपछि बिल माग्ने उपभोक्ताको गुनासो पनि बढ्न थालेको हो ।'

सरकारले वस्तु वा सेवा बिक्री गर्दा बिल वा बीजक जारी गर्नु व्यवसायीको कानुनी दायित्व भएको स्पष्ट पारेको छ । आन्तरिक राजस्व विभागले गत असारमा सार्वजनिक सूचना जारी गर्दै मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ बमोजिम वस्तु वा सेवा आपूर्ति गर्दा बीजक जारी गर्नुपर्ने जनाएको थियो । बिल जारी नगर्ने व्यवसायीमाथि बजार अनुगमनका क्रममा कानुनबमोजिम कारबाही हुने विभागले चेतावनीसमेत दिएको छ ।

यस कार्यक्रमअन्तर्गत दैनिक तथा पाक्षिक रूपमा पुरस्कार प्रदान गर्ने व्यवस्था छ । पहिलो चरणमै १० लाख रुपैयाँको बम्पर पुरस्कारसमेत घोषणा गरिएको थियो । सानो रकमको खरिदबाट समेत उपभोक्ता पुरस्कार कार्यक्रममा सहभागी हुन सक्ने भएपछि बिलप्रतिको चासो बढेको देखिन्छ ।

यसअघि सामान वा सेवा खरिद गर्दा बिल नलिएर कारोबार गर्ने प्रवृत्ति व्यापक रहेको अवस्थामा अहिले उपभोक्ता आफैंले 'बिल चाहियो' भन्न थालेका छन् । तर, उपभोक्ताले बिल मागेपछि व्यवसायीले सहज रूपमा बिल नदिने गरेका छन् ।

**वर्षमा...**

मन्त्रालयमा ३ हजार ८२२, काठमाडौं महानगरपालिकामा ३ हजार ५९२, त्रिभुवन विश्वविद्यालयमा ३ हजार ४०९ र सडक विभागमा ३ हजार ३४८ उजुरी परेका छन् ।

तीमध्ये सम्बन्धित निकायबाट हेरिएका तर प्रक्रिया अघि नबढेका, अनुसन्धान तथा प्रशोधनमा रहेका र सम्बन्धित निकायबाट नहेरिएका गुनासासमेत उल्लेख्य छन् ।

**मलेसिया...**

व्यवसायलाई सम्मानित, व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने कार्य गर्न युवा, श्रम तथा रोजगार मन्त्रालयसँग छलफल, समन्वय गरी तीव्ररूपमा अगाडि बढेको अवस्थामा नेपाली श्रमिकहरूको आकर्षक श्रम गन्तव्य मुलुक मलेसियाको एफडब्लूसिएमएसमा एकपक्षीय रूपमा केही म्यानपावर कम्पनी सूचीकृत गरिएको भन्दै पत्रकार सम्मेलनमा संघले पारदर्शी मापदण्डबिना व्यक्तिगत पहुँच र अनधिकृत चलखेलद्वारा सूचीकृत भएकाले स्वीकार गर्न नसकिने अवस्था सिर्जना भएको बताएको छ ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले मलेसियाको प्रणालीमा मुख्य २५ नेपाली म्यानपावर कम्पनी र उनीहरू मातहतका २५० संस्था सूचीकृत हुने विषय नेपालको संविधान, कानुन, खुला श्रम बजार, राज्यको अधिकार र लाखौं नेपाली श्रमिकको भविष्यसँग जोडिएको अत्यन्त गम्भीर विषय भएको बताए । उनले भने, 'मलेसिया चाहिन्छ, तर सिन्डिकेट चाहिँदैन । मलेसिया बन्द हुने डर देखाएर सिन्डिकेट स्वीकार गर्न सकिँदैन । अहिले एउटा भ्रमपूर्ण धारणा निर्माण गर्न खोजिएको छ- सिन्डिकेट लागे पनि लागोस्, तर मलेसिया बन्द हुनु हुँदैन । तर हाम्रो स्पष्ट धारणा छ, श्रम गन्तव्य मलेसिया यथास्थितिमा श्रमिक जान पाउनुपर्छ र सिन्डिकेट पनि हुनु हुँदैन ।'

अध्यक्ष खत्रीले मलेसिया बन्द गर्नु संघको उद्देश्य नभएको, तर सिन्डिकेटमार्फत मलेसिया खुलाउने नाममा नेपालको कानुन र राज्यको नियमनभन्दा माथि कुनै निजी प्रणाली वा सीमित संस्थालाई स्थापित गर्न खोजिन्छ भने त्यो स्वीकार्य नहुने बताए ।

संघले मलेसियाबाट सुरु भएको एकाधिकारको नजिर भोलि अन्य श्रम गन्तव्यमा पनि दोहोरिन सक्ने र त्यसको प्रयास पनि भइरहेको भन्दै सिन्डिकेट लागेपछि प्रत्येक गन्तव्यले नेपालका सीमित संस्थालाई मात्र रोज्ने र बाँकी कानुनी रूपमा इजाजतप्राप्त संस्थालाई बाहिर राख्ने अवस्था आई नेपालको वैदेशिक रोजगार क्षेत्र नै क्रमशः सिन्डिकेटको जालमा फस्ने दाबी गरेको छ ।

नेपाल सरकारले कानुन बनाएर इजाजत दिएको संस्थालाई कुनै विदेशी निजी प्रणालीले अयोग्य घोषणा गर्ने अवस्था सिर्जना हुनु भनेको केवल व्यवसायीको अधिकारको मात्रै प्रश्न नभई नेपाल राज्यको नियामक अधिकारमाथिको प्रश्न हो भन्दै संघले भनेको छ, 'आज मलेसिया, भोलि अन्य गन्तव्य- यो नजिर अत्यन्त खतरनाक छ । यसलाई केवल मलेसियाको विषय भनेर हेर्नु हुँदैन ।' संघले सिन्डिकेटको प्रत्यक्ष असर श्रमिकमाथि पर्ने भन्दै सिन्डिकेटले प्रतिस्पर्धा घट्ने, लागत बढ्ने, पारदर्शिता कमजोर हुने, अनौपचारिक रकम असुली बढ्ने र कामदारको रोजगारीको अवसर सीमित हुने जिकिर पनि गरेको छ ।

पत्रकार सम्मेलनमा अध्यक्ष खत्रीले भने, 'बंगलादेशमा प्रयोगमा आएको यो प्रणालीको नजिर हेर्दा सीमित संस्थामार्फत ठुलो रकम संकलन हुने र त्यसको वास्तविक प्रवाह तथा प्रयोजन पारदर्शी नहुने देखिन्छ । यसले विदेशी मुद्रा सञ्चिति, बैंकिङ प्रणाली, राजस्व साथै नेपालको अन्तर्राष्ट्रिय वित्तीय प्रतिष्ठासँग सम्बन्धित गम्भीर प्रश्न उठाउन सक्नेछ । एफडब्लुसिएमएसमा सूचीकृत हुनका लागि हामीले सुनेका केही आर्थिक कारोबारसम्बन्धी गम्भीर सूचनाहरू छन् । ती सम्बन्धित निकायले निर्ममतापूर्वक छानबिन गर्नुपर्छ भन्ने संघको ठहर छ ।'

अध्यक्ष खत्रीले सिन्डिकेटको विरोध गर्ने व्यवसायी, संघका पदाधिकारी वा अन्य व्यक्तिहरूमाथि विभिन्न निकायमा उजुरी गर्ने, प्रशासनिक तथा कानुनी दबाब सिर्जना गर्ने, भ्रम फैलाउने वा व्यक्तिगत रूपमा हतोत्साहित गर्ने प्रयास भएको भए त्यो पनि छानबिनको विषय बन्नुपर्ने बताए ।

उनले कर्मचारी, राजनीतिक नेतृत्व, सञ्चारमाध्यम वा अन्य प्रभावशाली व्यक्तिलाई प्रयोग गरेर सार्वजनिक नीति आफ्नो पक्षमा पार्ने कुनै पनि प्रयास भए त्यो केवल वैदेशिक रोजगार क्षेत्रको विषय नभई राज्य संयन्त्रको अखण्डतासँग जोडिएको विषय भएको उल्लेख गरे । पत्रकार सम्मेलनमा संघका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

**साउदीमा रोजगार**

कम्पनी: EMDAD HUMAN RESOURCES FOR RECRUITMENT COMPANY शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८३/०६/१९ चलानी नं.: ६०२६२१५० L.T. No.: 349028

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver- (Truck Driver) | 10 | 0 | स. काममा दक्ष | 1500 | ६१,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २७ गते (13 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1375/074/075
**RED PANDA INTERNATIONAL OVERSEAS PVT LTD**
Townplanning, Samakhushi Marg Samakhushi-26, Kathmandu, +977-01-4952910
Email: docs.redpanda@gmail.com, Web site : redpandaoverseas.com

# भोटेकोशी–त्रिशूलीमा अत्यावश्यकबाहेक खोज तथा उद्धार स्थगित



**काठमाडौं/मस–** सरकारले भोटेकोशी-त्रिशूली बाढीपछिको अत्यावश्यकबाहेकको खोज तथा उद्धार कार्य हालका लागि स्थगित गर्दै पुनर्निर्माण र पुनर्स्थापनाको कामलाई तीव्रता दिने निर्णय गरेको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २१औँ बैठकले अत्यावश्यक खोज तथा उद्धार भने जारी राख्ने निर्णय गरेको हो। जिल्ला सुरक्षा समिति, जिल्ला विपद् व्यवस्थापन समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सिफारिस तथा स्थलगत अध्ययनका आधारमा यस्तो निर्णय गरिएको हो।

बैठकले बाढीबाट प्रभावित क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि विभिन्न मन्त्रालय तथा निकायबाट प्रस्तावित ५०४ वटा योजना र कार्यक्रमका लागि ५ खर्ब ५९ अर्ब १७ करोड ७२ लाख २७ हजार रुपैयाँ बजेट स्वीकृतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने निर्णयसमेत गरेको छ।

लागत अनुमान नखुलेका तथा प्राथमिकीकरण हुन बाँकी आयोजनाको विवरण प्राप्त भएपछि आवश्यक बजेट व्यवस्थाका लागि सिफारिस गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिइएको छ।

बैठकमा प्रधानमन्त्री शाहले विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयलाई निरन्तरता दिँदै अब पुनर्निर्माण र पुनर्स्थापनाका काम पनि सोही ढंगले अघि बढाइने बताए। प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता तथा बागमती, गण्डकी, मधेश र कोशी प्रदेशका मुख्यमन्त्रीहरूले पनि सरकारको विपद् व्यवस्थापन तथा पुनर्निर्माण प्रयासमा समर्थन रहने बताएका छन्। विपद् व्यवस्थापनमा ढुक्क हुन मुख्यमन्त्रीहरूलाई प्रधानमन्त्रीको आग्रहप्रधानमन्त्री वालेन्द्र शाहले भदौ १० गतेयता भएका बाढी, पहिरोलगायत विपद्को व्यवस्थापनका लागि सरकारले उपलब्ध स्रोत, साधन र जनशक्ति परिचालन गरिरहेको भन्दै प्रदेश सरकारहरूलाई ढुक्क हुन आग्रह गरेका छन्।

**विपद् व्यवस्थापनमा ढुक्क हुन प्रधानमन्त्रीको आग्रह**

यसैबीच प्रधानमन्त्री शाहले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयमा खोज, उद्धार, राहत तथा पुनःस्थापनाका काम अघि बढिरहेको बताए। बैठकमा गण्डकी, बागमती, मधेश र कोशी प्रदेशका मुख्यमन्त्रीसमेत सहभागी थिए।

प्रधानमन्त्री शाहले भोटेकोशी-त्रिशूली, गण्डकीलगायत विभिन्न क्षेत्रमा बाढीपहिरोबाट भएको क्षतिको अध्ययन भइरहेको र त्यसका आधारमा थप व्यवस्थापनका काम अघि बढाइने जानकारी दिए। उनले विपद् व्यवस्थापनमा कुनै सम्झौता नगरी काम भइरहेको पनि बताए।

उनले विपद्पछि उद्धार र राहतमा मात्र केन्द्रित नभई विपद् आउनुअघि नै जोखिम न्यूनीकरण गर्नुपर्नेमा जोड दिए। त्यसका लागि पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने तथा हिमाली क्षेत्रमा हिमपहिरोको जोखिम न्यूनीकरणका लागि आवश्यक काम अघि बढाइने उनले बताए।

प्रधानमन्त्री शाहले विपद्का क्रममा आफ्नो ज्यान जोखिममा राखेर खटिएका राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, राजनीतिक दलका प्रतिनिधि तथा सहयोगी सबैप्रति कृतज्ञता व्यक्त गरे। सरकारले विपद् व्यवस्थापनलाई खोज, उद्धार र राहतसँगै जोखिम न्यूनीकरण, पुनःस्थापना तथा भविष्यको पूर्वतयारीसँग जोडेर अघि बढाउने जनाएको छ।

# भिसा शुल्क वृद्धिसँगै बिदेसीलाई कडाइ गर्दै जापान

**पूर्ण चलाउने/मध्यान्ह**
टोकियो १९ असोज



भिसामाथि गरिएको कडाइपछि फेरि जापानले भिसा शुल्कमा भारी वृद्धि गरेको छ। जापानको स्थायी भिसा (पिआर) शुल्कलाई २० गुणा बढाइएको छ भने स्थायी भिसा लिने नयाँ मापदण्डलाई अझ जटिल बनाइएको छ। नयाँ भिसा शुल्क अक्टोबर १ देखि लागू गरिएको छ। त्यसैगरी बिजनेस म्यानेजर भिसाका लागि न्यूनतम पूँजी ३ करोड येन निर्धारण गरिएसँगै साना तथा मझौला व्यवसायीलाई भविष्यमा के हुने भन्ने चिन्ता बढेको छ। कतिपय व्यवसायीको नयाँ मापदण्ड पूरा गर्न नसकेकै कारण भिसा रद्द गरिएको छ भने कतिपयले भविष्यको चिन्ता गर्दै जापान छोड्ने क्रम पनि बढेको छ।

जापान सरकारले नयाँ भिसा शुल्कमा गरेको परिवर्तन अनुसार ३ महिनाको भिसाको लागि १० हजार येन, ३ देखि ६ महिनाका लागि १८ हजार येन, ६ देखि १ वर्षको भिसाका लागि २५ हजार येन, १ वर्षको भिसाका लागि ३३ हजार येन, १ देखि ३ वर्षको भिसाका लागि ४८ हजार येन, ३ देखि ५ वर्षसम्मको ६४ हजार येन र ५ वर्ष वा सोभन्दा माथिका लागि ७५ हजार येन निर्धारण गरेको छ। अनलाइनबाट गरिने शुल्कमा भने केही कम गरिएको छ। त्यसैगरी स्थायी भिसा (पिआ) का लागि १० हजार येनबाट बढाएर २ लाख येन निर्धारण गरिएको छ। अक्टोबरअघि सामान्य भिसा शुल्क ६ हजार येन रहेको थियो भने स्थायी भिसा शुल्क १० हजार येन निर्धारण गरिएको थियो। २०२७ को अप्रिल महिनादेखि विदेशीलाई अझ कडाइ गरिने जापानी सञ्चारमाध्यमले उल्लेख गरेका छन्। जापानी भाषा, संस्कृति, नियम, कानुनको पालना जस्ता नियमहरू अनिवार्य गरिने पनि समाचारमा जनाइएको छ।

जापानले भिसा शुल्कलगायतका अन्य क्षेत्रमा गरिएको कडाइलाई सम्बन्धित क्षेत्रका जानकारहरूले विदेशीलाई कडाइ गर्न नहुने तर्क गरेपनि जापान सरकार भने विदेशीको बढ्दो संख्याले जापानको भविष्यको सुरक्षा चुनौती बढेको निष्कर्षमा पुगेको देखिन्छ। जापानलाई लामो समयदेखि कर्मथलो बनाइरहेका नेपाली समाजलाई बुझेका एक सामाजिक अगुवा एवं पत्रकार तिलक मल्ल जापानको परिवर्तित नयाँ नियम कानुनका साथै नयाँ मापदण्डको पालना गरे विदेशीलाई समस्या नहुने बताउँछन्।

जापानले नियम कानुन पालना नगर्ने विदेशीलाई फर्काउन खोजिरहेको जनाउँदै उनले विभिन्न कार्यक्रममार्फत नेपाली समुदालाई नयाँ अध्यागमन नीतिबारे बुझाउन जरुरी रहेको मध्यान्हलाई बताए।

टोकियोस्थित एक कम्पनीमा कार्यरत नेपाली नागरिक सुरज क्षेत्रीका अनुसार तत्काल आफूसँग १ वर्षको भिसा भएपनि भविष्यमा भिसा नथपिने हो कि भन्ने चिन्ता बढेको बताए। आफूसँगै काम गरेका एक सहकर्मीको जापानमा पढेको पढाइ अनुसारको कामको विवरण नमिलेकै कारण अध्यागमनले भिसा रद्द गरेको पनि सुरज बताउँछन्। भिसामा गरिएको कडाइका बाबजुद पनि पछिल्लो समय जापानको कानुनी मापदण्ड पूरा गरेका विदेशीहरूले आफ्नो भिसा नवीकरणका साथै नयाँ भिसा प्राप्त गरिरहेका छन्। स्वास्थ्य बिमा, कर, नियम कानुनको पालना, जापानी भाषामा ज्ञान भएको खण्डमा जापान अझैपनि सहज हुने धेरैको बुझाइ छ।

# सशस्त्रका एआइजी वंशीराज दाहाल निलम्बित



**काठमाडौं/मस–** गृह मन्त्रालयले सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षक (एआइजी) वंशीराज दाहाललाई निलम्बन गरेको छ। सुरक्षासँग सम्बन्धित संवेदनशील सूचना चुहावट गरेको आरोप लागेपछि मन्त्रालयले दाहालमाथि तत्काल प्रशासनिक कारबाही अघि बढाएको हो।

मन्त्रालयका अनुसार सशस्त्र प्रहरी बल, नेपालले दाहालको क्रियाकलाप पदीय आचरणविपरीत रहेको भन्दै कारबाहीका लागि सिफारिस गरेको थियो। सोही सिफारिसका आधारमा २०८३ असोज १९ गतेको निर्णयअनुसार दाहाललाई निलम्बन गरिएको हो। साथै, घटनाबारे विस्तृत जाँचबुझ गर्न एक अधिकृत तोकिएको छ, जसलाई तीन दिनभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ।

गृह मन्त्रालयले आफ्ना मातहतका सुरक्षा निकायमा हुने अनुशासनहीन गतिविधि, गोप्य सूचनाको चुहावट तथा शान्ति-सुरक्षामा असर पार्ने कार्यमाथि निरन्तर निगरानी भइरहेको जनाएको छ। यस्ता गतिविधिमा संलग्न जो-कोहीलाई प्रचलित कानुनअनुसार कारबाही गरिने मन्त्रालयको भनाइ छ।

दाहालमाथि लागेको आरोप पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको पक्राउसँग जोडिएको बताइएको छ। गत साता राणालाई नियन्त्रणमा लिएपछि उनी टेकुस्थित काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय पुगेको र त्यसपछि पक्राउसम्बन्धी सूचना बाहिरिएको बताइएको छ।

# त्रियुगामा सुविधा सम्पन्न नगर अस्पतालको शिलान्यास

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १९ असोज



उदयपुरको त्रियुगा नगरपालिकामा भारत सरकारको सहयोगमा सुविधा सम्पन्न नगर अस्पतालको शिलान्यास भएको छ। भारत सरकारको आर्थिक सहयोगमा त्रियुगा नगरपालिका-५, देउरीमा आधुनिक साढे पाँच तले सुविधा सप्पन्न नगर अस्पताल निर्माण हुन लागेको हो। अस्पताल भवनको सोमबार काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव नारायण सिंह, त्रियुगा नगरपालिकाका नगर प्रमुख बसन्त बस्नेत र उपप्रमुख महेश्वरी राईले संयुक्त रूपमा शिलान्यास गरेका थिए। भारतीय सरकारको पूर्ण आर्थिक सहयोगमा निर्माण हुने अस्पताल भवनको कुल लागत मूल्य २४ करोड रुपैयाँ रहेको भए पनि भ्याटसहित १५ करोड ९८ लाख ४४ हजार २५६ रुपैयाँमा निर्माण सम्पन्न गर्ने गरी केएसएम सर्भिसेस-जेएसएस इन्जिनियरिङ सर्भिसेस जेभी, काठमाडौंले निर्माणको जिम्मेवारी लिएको छ। निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको नगरपालिकाले जनाएको छ।

नगरवासीलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा स्थानीय तहमै उपलब्ध गराउने उद्देश्यले अस्पताल निर्माण सुरु गरिएको नगर प्रमुख वसन्त कुमार बस्नेतले बताए। प्रमुख बस्नेतकाअनुसार माथिल्लो तलामा अस्पतालमा स्वास्थ्य उपचार, निदान, शल्यक्रिया, प्रसूति, नवजात शिशु सेवा तथा प्रशासनिक संरचनालाई ब्यबस्थित गरिनुका साथै तल्लो तलामा आकस्मिक सेवा, बिरामी दर्ता तथा प्रतीक्षालय, औषधि वितरण, एक्स-रे, यूएसजी, ईसीजीलगायतका प्रारम्भिक तथा निदानात्मक सेवाहरू रहनेछन्। पहिलो तलामा शल्यक्रिया तथा प्रसुति र नवजात शिशुसँग सम्बन्धित उपचार कक्ष, अपरेशन थिएटर, रिकभरी र सीएसएसडीजस्ता अत्यावश्यक सुविधाहरू रहनेछन्।

त्यसैगरी, दोस्रो तलामा पुरुष, महिला तथा सामान्य वार्डसहित बिरामी भर्ना तथा उपचारका सुविधा रहनेछन्। तेस्रो तलामा दन्त, आँखा, सामान्य तथा प्रसूति-स्त्रीरोग सेवाका साथै खोप, पोषण, परामर्श र अन्य विशेषज्ञ स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ।


## Talkot Rural Municipality
## Office of the Rural Municipal Executive

Talkot, Bajhang
Sudurpashchim Provience, Nepal

**Invitation For Sealed Quotation**

Date of publication:- 06th Oct 2026
Last Date of Submission: 12th Oct 2026
Bid Opening Date: 13th Oct 2026

Talkot Rural Municipality, Office of Rural Municipal Executive, Talkot Bajhang invites Sealed Quotation from Nepalese eligible bidders under Hard Copy Sealed Quotation (SQ) Procedures for procurement of works mentioned below:

| S. N. | Contact No | Project Name | Estimated Amount (Excluding VAT) | Bid security NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|
| 1 | TRM-BJH-SQ/ Works-01-2083/084 | Kailash Aa Bi Lokenda Bhawan Nirman | Rs. 17,66,690.33 | 45,000 | 1000 |

| S. N. | Bank | Account Name | Account Number | Office Code | Remarks |
|---|---|---|---|---|---|
| 1 | Everest Bank Talkot Branch | GA.1.1 Aantarik Rajashwa Khata | 07900106200004 | 80770505300 | |
| 2 | Everest Bank Talkot Branch | GA 3 Dharauti Khata Number (For bid security) | 07900106200003 | 80770505300 | |

For more details please visit office of Talkot Rural Municipal Executive or contact 9858420845, 9864973392



**निर्वाणा गार्डेन प्रा. लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बामोजिम मिति: २०७२/१२/२६ मा दर्ता भएको प्रा. लि. नं. १४७६४०/०७२/०७३ को निर्वाणा गार्डेन प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/११ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु पर्ने व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गएिको छ।

**लिक्वीडेटरको नाम : श्री मनोज कुमार साह, प्रमाण पत्र नं. ५६२, सम्पर्क कार्यालय कलंकी**

**चकलेट रेष्टुरेन्ट प्रा. लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बामोजिम मिति: २०७४/१०/२९ मा दर्ता भएको प्रा. लि. नं. १३३७७८/०७४/०७५ को चकलेट रेष्टुरेन्ट प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/११ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु पर्ने व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गएिको छ।

**लिक्वीडेटरको नाम : श्री मनोज कुमार साह, प्रमाण पत्र नं. ५६२, सम्पर्क कार्यालय कलंकी**

**केजेन हेल्थकेयर प्रा. लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बामोजिम मिति: २०६६/०८/२५ मा दर्ता भएको प्रा. लि. नं. ६८४५७/०६६/०६७ को केजेन हेल्थकेयर प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/१२ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु पर्ने व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गएिको छ।

**लिक्वीडेटरको नाम : श्री मनोज कुमार साह, प्रमाण पत्र नं. ५६२, सम्पर्क कार्यालय कलंकी**

**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६४।११।१९ मा दर्ता भएको **प्रा.लि. नं. ५२०६६** को **सिर्जनशील अध्ययन केन्द्र नेपाल** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/२०**

यस कम्पनीको मिति २०८३।०५।०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **ज्ञान कुञ्ज एकेडेमी पर्सा प्रा.लि. (दर्ता नं. १३१६२२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लिटिल स्कोलर्स एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नामथर र जन्ममिति प्रमाणित सम्बन्धी सार्वजनिक सूचना**



निवेदक

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०७९/०८०, च.नं. ४२६८, मिति २०७९/१२/०७ को सिफारिस सम्बन्धी निवेदनअनुसार भरतपुर महानगरपालिका वडा नं. १२ चितवन निवासी भारतीय सेनाका पेन्सनर नं. जे.सी.५९०१७४एफ सुबेदार टेक बहादुर क्षेत्रीले मेरो श्रीमतीको नागरिकता प्रमाणपत्रमा नामथर देवी कार्की क्षेत्री, जन्ममिति २०२२/०५/०५ (सन् २१-०८-१९६५) भएको र पेन्सन अभिलेखमा श्रीमतीको नामथर Divi Chhetrene, जन्ममिति सन् २६-१०-१९६६ उल्लेख भई फरक परेता पनि फरक नामथर र जन्ममिति भएको मेरो श्रीमती एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाउँ भनि दिनु भएको निवेदन साथ भरतपुर महानगरपालिका १२ नं. वडा कार्यालयको च.नं. २८०६ मिति २०७९/१२/०७ को सिफारिस पत्रवाद लेखी आएको व्यहोरा प्रमाणित गरिन्छ।

**नामथर र जन्ममिति प्रमाणित सम्बन्धी सार्वजनिक सूचना**



निवेदक

जिल्ला प्रशासन कार्यालय चितवन (स्थानिय प्रशासन तथा शान्ति सुरक्षा शाखा) को प.सं. २०७८/०७९, च.नं. १२८१, मिति २०७८/०७/१६ को सिफारिस सम्बन्धी निवेदनअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ११ निवासी नन्द कुमारी कार्कीको नेपाली नागरिकता प्रमाणपत्र नं. ४११३ मा नाम थर नन्द कुमारी कार्की जन्म मिति २०२९/०६/०६ (इ.सं. २२ सेप्टेम्बर १९७२) उल्लेख भएको तथा निजको पतीको भारतीय सेनाको पट्टा जे.सि. ७३०४३६ एम. तिल बहादुर क्षेत्रीको पेन्सन अभिलेखमा नाम थर नन्द कुमारी क्षेत्री तथा जन्म मिति इ. सं. ०१ अगस्त १९७३ उल्लेख भइ नाम थर र जन्म मिति फरक परेता पनि उक्त फरक फरक नाम थर र जन्म मिति भएको व्यक्ति एकै भएको भनी भरतपुर महानगरपालिका ११ नं. वडा कार्यालय चितवनको च.नं. २१५७ मिति २०७८/०७/१६ को सिफारिस पत्रबाट लेखिआएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ।



**युएईमा रोजगार**
कम्पनी : BOOSSE FOR CARPENTRY & FLOORING CONTRACTING CO. L.L.C — शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०३/११ — चलानी नं.: ६०२५७३१२ — L.T. No.: 344004 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 3 | 0 | | 1500 | ६२,८२० | | | | | | | |
| 3. | Carpenter Assistant | 2 | 0 | | 1500 | ६२,८२० | | | | | | | |
| 4. | Painter | 3 | 0 | | 1500 | ६२,८२० | | | | | | | |
| 5. | Assistant Stone Mason | 3 | 0 | | 1500 | ६२,८२० | | | | | | | |
| 6. | Electrician | 1 | 0 | | 1500 | ६२,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २७ गते (13 October 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**New Sambriddhi Overseas Pvt. Ltd.** — श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Pingalastan, kathmandu, Mobile: +977-15926532, 9824631568, 9851110784, 9812757284 (Sanjib Kumar Thapa)
Itahari Branch No : 9828226395, Fax : 01-4475670, Email: sambriddhinew@gmail.com

**Kuwait मा रोजगार** — China Communications Construction Company. Ltd.
पूर्व स्वीकृती मिति: २०८३/६/१० — चलानी नं. ६०२६२१३१ — LT# 349051

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Crane Driver | 1 | 0 | काममा दक्ष | 200 | १००,५१५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Dumping Tailor Drivers (Heavy Duty Drivers) | 20 | 0 | | 160 | ८०,४१०।- | | | | | | | |
| ३. | Excavator Operator | 2 | 0 | | 200 | १००,५१५।- | | | | | | | |
| ४. | Foreman Mason | 2 | 0 | | 200 | १००,५१५।- | | | | | | | |
| ५. | Forman / Superviser | 2 | 0 | | 200 | १००,५१५।- | | | | | | | |
| ६. | General Labor | 7 | 0 | | 100 | ५०,२६०।- | | | | | | | |
| ७. | Grader Operator | 1 | 0 | | 200 | १००,५१५।- | | | | | | | |
| ८. | Heavy Diesel Mechanic | 2 | 0 | | 180 | ९०,४६५।- | | | | | | | |
| ९. | Hr Officer | 4 | 0 | | 180 | ९०,४६५।- | | | | | | | |
| १०. | Loader Operator | 2 | 0 | | 200 | १००,५१५।- | | | | | | | |
| ११. | Pickup Truck Driver | 1 | 0 | | 150 | ७५,३८५।- | | | | | | | |
| १२. | Rebar Fixer Forman | 2 | 0 | | 200 | १००,५१५।- | | | | | | | |
| १३. | Road Roller Operator | 1 | 0 | | 200 | १००,५१५।- | | | | | | | |
| १४. | Surveyor General | 2 | 0 | | 200 | १००,५१५।- | | | | | | | |
| १५. | Water Tanker Driver (Truck Driver) | 1 | 0 | | 150 | ७५,३८५।- | | | | | | | |

प्रि-अन्तरवार्ता २०८३ असोज २५ र २६ गते (11 & 12 Oct., 2026) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ। फाइनल अन्तरवार्ता २०८३ असोज २७, २८, २९ र ३० गते (13, 14, 15 & 16 Oct., 2026) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ।

**बैभव ओभरसिज प्रा. लि.** — श्रम ईजाजत न.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (Premier कलेजको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९७०७९३५१७६, ९७४५९४२०८७, ९८२३२५४८७७, E-mail : baibhav.ovs@gmail.com
Contact Person : 9745942087 (Chintan Libang)

**KUWAIT मा रोजगार** — Baraka International Co. For Food Stuff
पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/४/२१ — चलानी नं. : ६०२४२४९९ — LT No.: 328741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Packing & Packaging Worker | 1 | 9 | साधारण | 100 | ५०,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८३ असोज २७ गते (13 Oct., 2026) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ।

**GULF EMPIRE COMPANY PVT. LTD.** — Lic. No.: 1599/079/80
के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१
सम्पर्क मोबाईल : ९८२३२५७२७१, ९८०१३१५९५९ (शंकर खरेल)
शाखा कार्यालय ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२
इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : www.gulf-empire.com

**Kuwait मा रोजगार** — N FIVE NAILS LAB SALON CO. FOR LADIES BEAUTIES
पूर्व स्वीकृती मिति: २०८३/६/१९ — चलानी नं. ६०२६२११२ — LT No. : 348997

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Beautician | 0 | 6 | काममा दक्ष | 150 | ७५,३५०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २ | Manicure/ Pedicure | 0 | 5 | | 150 | ७५,३५०।- | | | | | | | |

अन्तरवार्ता: २०८३ असोज २७ गते (13 Oct., 2026) यस प्रा. लि. कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.** — Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9860111396
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

**किचेन मिजन प्रा. लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बामोजिम मिति: २०७९/०४/१८ मा दर्ता भएको प्रा. लि. नं. २९५२९९/०७९/०८० को किचेन भिजन प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/१२ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु पर्ने व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गएिको छ।

**लिक्वीडेटरको नाम : श्री मनोज कुमार साह, प्रमाण पत्र नं. ५६२, सम्पर्क कार्यालय कलंकी**

**टेक्नो इन्टरनेशनल प्रा. लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बामोजिम मिति: २०७८/१०/१० मा दर्ता भएको प्रा. लि. नं. २८२१३०/०७८/०७९ को टेक्नो इन्टरनेशनल प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०२/१५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु पर्ने व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गएिको छ।

**लिक्वीडेटरको नाम : श्री मनोज कुमार साह, प्रमाण पत्र नं. ५६२, सम्पर्क कार्यालय कलंकी**

**प्रिफर्ड हेल्थकेयर प्रा. लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बामोजिम मिति: २०६३/०४/२९ मा दर्ता भएको प्रा. लि. नं. ४१०५२/०६३/०६४ को प्रिंफर्ड हेल्थकेयर प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/१२ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु पर्ने व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गएिको छ।

**लिक्वीडेटरको नाम : श्री मनोज कुमार साह, प्रमाण पत्र नं. ५६२, सम्पर्क कार्यालय कलंकी**

मध्यान्ह
www.madhyanhadaily.com
२० असोज २०८३ मंगलबार
6 October 2026 Tuesday

सम्पादकीय

## कारोबार पारदर्शी बनाऊ

सरकारले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' ल्याएपछि उपभोक्तामा खरिदको बिल माग्ने बानी बढ्न थालेको छ । यो सकारात्मक संकेत हो । तर, बिल माग्दा व्यवसायीले आनाकानी गर्ने र बिल नै दिन नचाहने अवस्था देखिनु राम्रो होइन । कर तिर्ने दायित्व व्यवसायीको मात्र हुँदैन । कर प्रणालीलाई प्रभावकारी बनाउन उपभोक्ताको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । सामान वा सेवा बिक्री गरेपछि बिल वा बीजक जारी गर्नु व्यवसायीको कानुनी दायित्व हो । त्यसैले उपभोक्ताले बिल माग्नु कुनै अतिरिक्त सुविधा नभई आफ्नो अधिकार प्रयोग गर्नु हो ।

बिलले कारोबारलाई पारदर्शी बनाउँछ । यसले व्यवसायीलाई कर प्रणालीप्रति जिम्मेवार बनाउनुका साथै उपभोक्तालाई पनि खरिदको प्रमाण उपलब्ध गराउँछ । तर, अझै पनि कतिपय व्यवसायी कारोबारलाई औपचारिक अभिलेखमा राख्न नचाहने प्रवृत्तिमा छन् । बिल माग्दा विभिन्न बहाना बनाउने, भ्याट बिल नदिने वा ई-सेवाजस्ता माध्यमबाट भुक्तानी गर्न दबाब दिने गुनासा आउनु यसकै संकेत हो । यस्ता गुनासा 'हेलो सरकार'सम्म पुग्नुले समस्या गहिरो छ भन्ने देखाउँछ । सरकारले बिल माग्ने उपभोक्तालाई पुरस्कारको अवसर दिएर कर प्रणालीमा सहभागी गराउने प्रयास गरेको छ । सानो रकमको खरिदमा समेत बिल लिएर पुरस्कार कार्यक्रममा सहभागी हुन सकिने व्यवस्था आफैंमा सकारात्मक छ । यसले नागरिकलाई कर प्रणालीको निगरानीमा जोड्न सक्छ । तर, पुरस्कारको आकर्षणभन्दा पनि बिल लिनु र दिनु सामान्य व्यावसायिक प्रक्रिया बन्नुपर्छ । त्यसका लागि व्यवसायीमाथि मात्र दोष थोपरेर पुग्दैन । सरकारले पनि अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ । बिल नदिने व्यवसायीलाई कारबाही गर्ने कानुनी व्यवस्था कार्यान्वयनमा देखिनुपर्छ । उपभोक्ताले गुनासो गरेपछि मात्र होइन, नियमित बजार अनुगमनमार्फत पनि यस्तो प्रवृत्ति नियन्त्रण गर्नुपर्छ ।

अर्कोतर्फ, उपभोक्ताले पनि आफ्नो अधिकारप्रति सचेत हुनुपर्छ । बिल नलिने र कारोबारलाई अनौपचारिक बनाउने प्रवृत्तिले अन्ततः राज्यको राजस्व र आफ्नै अधिकार दुवै कमजोर बनाउँछ । 'हेलो सरकार'मा आर्थिक वर्ष २०८२/०८३ मा १ लाख ८४ हजारभन्दा बढी गुनासा दर्ता हुनुले नागरिकले सार्वजनिक सेवा र जवाफदेहितामाथि निगरानी बढाइरहेको देखाउँछ । तर, गुनासा संकलन गरेर मात्र सरकारको दायित्व पूरा हुँदैन । गुनासाको सुनुवाइ परिणाममै देखिनुपर्छ । कर प्रणालीलाई पारदर्शी र विश्वसनीय बनाउने हो भने सरकार, व्यवसायी र उपभोक्ता तीनै पक्ष जिम्मेवार हुनुपर्छ । बिललाई झन्झटको विषय नभई पारदर्शी कारोबारको आधार बनाउनतर्फ सबै पक्ष लाग्नुपर्ने देखिन्छ ।

# निजामती सुधारको कठिन परीक्षा

संघीय निजामती सेवा विधेयकले नेपालको प्रशासनलाई संघीय संरचनाअनुकूल, व्यावसायिक, समावेशी र परिणाममुखी बनाउने प्रयास गरेको छ । १४ तहको संरचना, ६० बर्से अवकाश, कुलिङ पिरियड, कार्यसम्पादनमा आधारित वृत्तिविकासलगायत व्यवस्था सकारात्मक छन् । तर संक्रमणकालीन अवकाश, पेन्सन, आरक्षण, सामाजिक सञ्जाल, हडताल र बाह्य व्यक्तिको प्रवेशजस्ता विषयमा पर्याप्त बहस र सन्तुलन आवश्यक छ । सुधार न्यायपूर्ण, स्थिर र संस्थागत हुनुपर्छ ।

अग्रलेख



● श्यामप्रसाद मैनाली

संघीय शासन प्रणाली कार्यान्वयन भएको लामो समय बितिसक्दा पनि संघीय निजामती सेवाको स्थायी कानुनी आधार बन्न सकेको छैन । यही सन्दर्भमा सरकारले 'संघीय निजामती सेवासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८३' प्रतिनिधिसभामा दर्ता गरेको छ । संसद्को अभिलेखअनुसार विधेयक असोज १५, २०८३ मा दर्ता भएको हो ।

तीन दशकभन्दा पुरानो निजामती सेवा ऐनलाई विस्थापित गर्दै संघीय संरचनाअनुकूल प्रशासनिक प्रणाली निर्माण गर्ने उद्देश्यले आएको यो विधेयक सामान्य कर्मचारीसम्बन्धी कानुन मात्र होइन । यसले सार्वजनिक प्रशासनको स्वरूप, कर्मचारीको वृत्तिविकास, राजनीतिक तटस्थता, प्रशासनिक अनुशासन, समावेशिता र राज्यप्रतिको उत्तरदायित्वलाई पुनर्परिभाषित गर्न खोजेको छ ।




तर विधेयकका कतिपय प्रावधान स्वागतयोग्य भए पनि विवादरहित छैनन् । विशेषतः संक्रमणकालीन अवकाश, पेन्सन गणना, सेवासर्तको सुरक्षा, आरक्षण, सामाजिक सञ्जालमा अभिव्यक्तिको बन्देज, कुलिङ पिरियड, हडताल निषेध र बाह्य व्यक्तिको प्रशासनमा प्रवेशजस्ता विषयमा गम्भीर संसदीय बहस आवश्यक छ ।

लोकतान्त्रिक शासन प्रणालीमा निजामती सेवा राज्यको स्थायी प्रशासनिक संयन्त्र हो । सरकार र मन्त्री परिवर्तन हुन्छन्, राजनीतिक प्राथमिकता बदलिन्छन् । तर राज्यका नीति, निर्णय र कानुन कार्यान्वयन गर्ने प्रशासनिक संरचना रहिरहन्छ । त्यसैले निजामती सेवासम्बन्धी कानुन कर्मचारी व्यवस्थापनको दस्तावेज मात्र नभई प्रशासनिक स्थायित्व र सुशासनको आधार पनि हो ।

यस दृष्टिले लामो समयदेखि प्रतीक्षित संघीय निजामती सेवा विधेयक संसद्मा आउनु महत्त्वपूर्ण छ । यसले श्रेणीगत प्रणाली अन्त्य गरी १४ तहको संरचना, अवकाश उमेर ६० वर्ष, नयाँ आरक्षण प्रणाली, कुलिङ पिरियड, सामाजिक सञ्जालको प्रयोगमा मर्यादा, हडताल तथा तालाबन्दी निषेध र महिला कर्मचारीका लागि महिनावारी बिदालगायत नयाँ व्यवस्था प्रस्ताव गरेको छ । तर कानुनको मूल्यांकन नयाँ व्यवस्थाको संख्याबाट होइन, त्यसले प्रशासनलाई कति सक्षम, निष्पक्ष, स्थिर, व्यावसायिक र उत्तरदायी बनाउँछ भन्ने आधारमा हुनुपर्छ ।

### श्रेणीको अन्त्य र १४ तह

विधेयकको महत्त्वपूर्ण विशेषता विद्यमान श्रेणीगत प्रणाली हटाएर तहगत प्रणाली लागू गर्ने प्रस्ताव हो । मुख्य सचिवलाई १४औं तह, सचिवलाई १३औं तह तथा अन्य पदलाई क्रमशः तहगत संरचनामा राख्ने व्यवस्था प्रस्तावित छ । जिम्मेवारी, कार्यसम्पादन, दक्षता र पदको स्तर स्पष्ट गर्न यो सकारात्मक हुन सक्छ । तर नाम परिवर्तन मात्र प्रशासन सुधार होइन । तह परिवर्तनसँगै जिम्मेवारी, अधिकार, कार्यसम्पादन मूल्यांकन, बढुवा, पदस्थापन र उत्तरदायित्वको प्रणाली पनि स्पष्ट हुनुपर्छ । अन्यथा श्रेणी हटाएर तह राख्नु शब्दावली परिवर्तनमा मात्र सीमित हुनेछ ।

### ६० वर्षे अवकाश र संक्रमणको प्रश्न

विधेयकले भविष्यका कर्मचारीका लागि अनिवार्य अवकाश उमेर ५८ बाट बढाएर ६० वर्ष पुर्‍याउने प्रस्ताव गरेको छ । अनुभव, राज्यले कर्मचारीमा गरेको लगानी र विशेषज्ञताको संरक्षणका दृष्टिले यो सकारात्मक कदम हो ।

तर संक्रमणकालीन व्यवस्था विवादित छ । ऐन प्रारम्भ हुँदाका बखत ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवा पूरा गरेका कर्मचारीलाई अवकाश दिने व्यवस्था प्रस्ताव गरिएको छ । नयाँ कर्मचारीका लागि ६० वर्षसम्म सेवा उपयुक्त हुने, तर हाल कार्यरत अनुभवी कर्मचारीलाई ५५ वर्षमै अवकाश दिने व्यवस्थाले स्वाभाविक प्रश्न उठाउँछ ।

सरकारले पेन्सन सुविधामा अन्याय नहोस् भनेर केही सुरक्षात्मक व्यवस्था प्रस्ताव गरेको छ । तर प्रश्न पेन्सनको मात्र होइन । करियर, सामाजिक सुरक्षा, अनुभव, मानसिक स्थायित्व र सेवासर्तको भरोसा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । नियुक्तिका बेला कायम रहेका सेवासर्तलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गर्ने विषयमा लोक सेवा आयोगले समेत प्रश्न उठाएको सार्वजनिक भएको छ । त्यसैले यस प्रावधानमा संसद्ले विशेष सावधानी अपनाउनुपर्छ ।

पेन्सन गणनामा अधिकतम ३० वर्ष सेवा गणना गर्ने व्यवस्थाले पनि प्रश्न उठाउँछ । कर्मचारीले ३२, ३४ वा ३६ वर्ष राज्यको सेवा गरेको छ भने अतिरिक्त सेवावधिलाई बेवास्ता गर्नु कति न्यायोचित हुन्छ ? पेन्सन केवल सुविधा होइन, लामो सेवापछि राज्यले दिने सामाजिक सुरक्षा र सेवाको प्रतिफल पनि हो । त्यसैले राज्यको वित्तीय क्षमता र कर्मचारीको योगदानबीच सन्तुलन खोजिनुपर्छ ।

### आरक्षणमा नयाँ सोच

विधेयकले खुला प्रतिस्पर्धाबाट पूर्ति हुने पदमध्ये ४९ प्रतिशत आरक्षणका लागि छुट्याउने र त्यसलाई महिला तथा अन्य लक्षित समूहबीच विभाजन गर्ने नयाँ ढाँचा प्रस्ताव गरेको छ । आरक्षित हिस्साभित्र महिलाका लागि ५० प्रतिशत भाग रहने र विपन्न खस आर्यलाई १० प्रतिशत समेटिनु आरक्षण प्रणालीलाई आर्थिक तथा सामाजिक वञ्चनासँग जोड्ने प्रयासका रूपमा हेर्न सकिन्छ । एउटै व्यक्तिले राजपत्र अनंकित र राजपत्रांकित तहमा एक-एक पटक मात्र आरक्षणको सुविधा लिन पाउने व्यवस्थाले आरक्षणको लाभ सीमित व्यक्तिको हातमा बारम्बार केन्द्रित हुन नदिने प्रयास गरेको छ । तर आरक्षणको मूल उद्देश्य समान अवसरबाट वञ्चित समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनु हो । त्यसैले यसको प्रभाव निश्चित अवधिमा मूल्यांकन हुनुपर्छ । आरक्षणलाई स्थायी राजनीतिक वितरणको साधनभन्दा सामाजिक न्यायको संक्रमणकालीन उपायका रूपमा विकास गर्नुपर्छ ।

### कुलिङ पिरियड र राजनीतिक तटस्थता

सचिव वा सहसचिवजस्ता उच्चपदस्थ कर्मचारीले अवकाश वा राजीनामापछि तत्काल संवैधानिक, कूटनीतिक वा सरकारी नियुक्ति लिन नपाउने गरी दुई वर्षको कुलिङ पिरियड राखिनु सकारात्मक पक्ष हो । बहाल रहँदा नियमन गरेका संस्था वा विकास साझेदारसँग तत्काल जोडिन नपाउने व्यवस्थाको उद्देश्य पनि स्वार्थको द्वन्द्व रोक्नु हो ।

तर कुलिङ पिरियड कहाँ र कुन अवस्थामा लागू हुने भन्ने स्पष्ट हुनुपर्छ । सबै कर्मचारीमा एउटै ढंगले लागू गर्दा अनावश्यक बन्देज हुन सक्छ ।

विधेयकले सामाजिक सञ्जाल वा विद्युतीय माध्यमबाट राजनीतिक दल वा नेताको पक्ष-विपक्षमा टिप्पणी गर्न कर्मचारीलाई रोक लगाउने व्यवस्था गरेको छ । निजामती सेवाको राजनीतिक तटस्थता लोकतन्त्रको आवश्यकता हो । कर्मचारी सरकारको नीति कार्यान्वयन गर्ने हो, कुनै दलको कार्यकर्ता बन्ने होइन ।

तर राजनीतिक तटस्थता र अभिव्यक्ति स्वतन्त्रताबीचको सीमा स्पष्ट हुनुपर्छ । कर्मचारीले पदीय गोपनीयता, आचारसंहिता र राजनीतिक निष्पक्षता कायम राख्नुपर्छ । तर नागरिकका रूपमा सामाजिक, साहित्यिक, बौद्धिक वा सार्वजनिक विषयमा विचार राख्ने अधिकारलाई अत्यधिक संकुचित गर्नु हुँदैन ।

### हडताल निषेधसँगै गुनासो सुनुवाइ

कर्मचारीलाई प्रदर्शन, बन्द, हडताल, घेराउ, दबाब, कलमबन्द, तालाबन्दी वा सरकारी कामकाजमा अवरोध गर्न रोक्ने प्रस्ताव सार्वजनिक सेवा निरन्तरताका दृष्टिले बुझ्न सकिन्छ । सार्वजनिक सेवा अवरुद्ध हुँदा नागरिक प्रत्यक्ष प्रभावित हुन्छन् ।

तर अधिकारमाथि प्रतिबन्धसँगै गुनासो सुनुवाइको प्रभावकारी संयन्त्र पनि चाहिन्छ । सरुवा, बढुवा, अनुशासन, सेवासर्त वा कार्यस्थलसम्बन्धी विवादको निष्पक्ष समाधान कहाँबाट पाउने ? यी प्रश्नको उत्तर कानुनले दिनुपर्छ ।

विधेयकले सूचना प्रविधिमा आधारित गुनासो सुनुवाइ प्रणाली तथा सरुवा, पदस्थापन र वृत्ति व्यवस्थापनमा संस्थागत संयन्त्र प्रस्ताव गरेको छ । यी संयन्त्र स्वतन्त्र र प्रभावकारी भए हडतालको आवश्यकता घटाउन सकिन्छ ।

महिला कर्मचारीका लागि महिनावारी बिदाको व्यवस्था प्रशासनलाई कर्मचारीको मानवीय आवश्यकतासँग जोड्ने सकारात्मक कदम हो । प्रशासन केवल आदेश र अनुशासनको संरचना होइन, मानवीय संवेदनशीलता भएको कार्यस्थल पनि हो । त्यस्तै, केही उच्च प्रशासनिक पदमा बाह्य अनुभवी व्यक्तिको प्रवेश तथा सचिव बढुवामा ज्येष्ठताभन्दा कार्यसम्पादनलाई बढी महत्त्व दिने दिशातर्फ विधेयकले संकेत गरेको छ । यसले प्रशासनलाई प्रतिस्पर्धी र परिणाममुखी बनाउन सक्छ । तर बाह्य व्यक्तिको प्रवेशमा योग्यता, निष्पक्ष प्रतिस्पर्धा र पारदर्शी छनोट अनिवार्य हुनुपर्छ । नत्र 'लाटरल इन्ट्री' प्रशासन सुधारको माध्यम नभई राजनीतिक नियुक्तिको अर्को ढोका बन्न सक्छ ।

### न्यायपूर्ण र स्थिर सुधार

समग्रमा विधेयकले संघीय प्रशासनलाई एउटै कानुनी ढाँचामा ल्याउने, श्रेणीबाट तहमा रूपान्तरण गर्ने, ज्येष्ठतासँगै क्षमता र कार्यसम्पादनलाई महत्त्व दिने, कर्मचारीलाई दलगत राजनीतिबाट टाढा राख्ने, आरक्षण पुनर्संरचना गर्ने तथा स्वार्थको द्वन्द्व नियन्त्रण गर्ने प्रयास गरेको छ । यी व्यवस्था प्रशासनलाई आधुनिक, समावेशी, अनुशासित र परिणाममुखी बनाउन उपयोगी हुन सक्छन् । तर संक्रमणकालीन ५५ वर्षे वा ३० वर्षे अवकाश, पेन्सनमा ३० वर्षको सीमा, सामाजिक सञ्जालमा अभिव्यक्तिको व्यापक बन्देज, बाह्य व्यक्तिको प्रवेश र सेवासर्तमा परिवर्तनजस्ता विषयमा पर्याप्त संवैधानिक, कानुनी र प्रशासनिक परीक्षण आवश्यक छ । नियुक्तिका बेला कायम रहेका सेवासर्तमा प्रतिकूल परिवर्तन गर्दा कर्मचारीको वैध अपेक्षा र कानुनी सुरक्षाको प्रश्नलाई बेवास्ता गर्न मिल्दैन ।

अन्ततः राम्रो निजामती सेवा भनेको केवल अनुशासित कर्मचारी भएको सेवा होइन । यो निष्पक्ष, सक्षम, निर्भीक, राजनीतिक रूपमा तटस्थ, उत्तरदायी र नागरिकप्रति संवेदनशील प्रशासन हो । कर्मचारीलाई अधिकारविहीन बनाएर अनुशासन कायम गर्न सकिँदैन, अनि अनुशासनविहीन कर्मचारीबाट सुशासन पनि सम्भव हुँदैन । त्यसैले अधिकार र उत्तरदायित्व, अनुभव र नयाँ पुस्ता, स्थायित्व र गतिशीलता, समावेशिता र योग्यता तथा राजनीतिक तटस्थता र अभिव्यक्ति स्वतन्त्रताबीच सन्तुलन कायम गर्नु नै विधेयकको सबैभन्दा ठुलो परीक्षा हुनेछ । संसद्ले हतारमा पारित गर्नुभन्दा प्रशासनविद्, पूर्वप्रशासक, कानुनविद्, लोक सेवा आयोग, कर्मचारी प्रतिनिधि तथा नागरिक समाजसँग पर्याप्त छलफल गरी यसलाई परिमार्जन गर्नु उपयुक्त हुनेछ ।

संघीय निजामती सेवा ऐन आजका कर्मचारीका लागि मात्र होइन, आगामी पुस्ताको सार्वजनिक प्रशासनका लागि पनि बन्ने भएकाले यसको गुणस्तरले नेपालको शासन प्रणालीलाई लामो समयसम्म प्रभावित गर्नेछ । प्रश्न विधेयक चाहिन्छ कि चाहिँदैन भन्ने होइन । प्रश्न यो हो- हामी कस्तो निजामती सेवा निर्माण गर्न चाहन्छौं ? यदि उत्तर सक्षम, निष्पक्ष, स्थिर, उत्तरदायी र जनमुखी प्रशासन हो भने विधेयक पनि त्यही दिशामा जानुपर्छ । सुधारका नाममा अस्थिरता र नियन्त्रणका नाममा अधिकार संकुचन होइन, विश्वास, व्यावसायिकता र संस्थागत मर्यादामा आधारित प्रशासनिक सुधार नै यसको अन्तिम लक्ष्य हुनुपर्छ ।

# सुशासन किन सधैं कमजोर ?

सरोकार



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*नेपालमा राजनीतिक परिवर्तन धेरै भए पनि सुशासन पक्ष सधैं कमजोर रह्यो । स्थायी सरकार मानिएको निजामती प्रशासन राजनीतिक हस्तक्षेप, सरुवा-बढुवा, गुटगत दबाब र अस्थिर नीतिको मारमा छ । प्रविधिमा फड्को मारे पनि सेवाग्राहीले सहज सेवा पाउन सकेका छैनन् । अब प्रशासनलाई सक्षम, परिणाममुखी, प्रविधिमैत्री र जनउत्तरदायी बनाउन विधिको शासनसँगै दण्ड र प्रोत्साहनको सन्तुलित नीति आवश्यक छ ।*

सुशासन, विधिको शासन अपनाउँदै संसार अघि बढिरहेको छ । जनमैत्री, प्रविधिमैत्री, सेवामुखी सरकारहरू विश्वमा अब्बल भएका छन्, प्रशासन सक्षम भएकै कारण प्रतिस्पर्धी क्षमता र संसारका विषम परिवेशमा सक्षम प्रशासन सञ्चालन गरेर तीव्र विकास भइरहेको छ । नजिकको चीन, नजिककै भारत हामीजस्तै गरिबीमा थिए, आज समुन्नतिको शिखर चुम्दै छन् । तिनलाई जनसंख्याको भार परेको छैन । हामी तिनकै आसपास रहेर पनि कम भूगोल र कम जनसंख्या आफैंलाई भार भइरहेको छ र धेरैले विदेशमोह देखाइरहेका छन् ।

देशमा राजनीतिक उथलपुथल धेरै भए । जंगबहादुरको कोतपर्वजस्तै समयअनुसारका कोतपर्वहरूले देशको इतिहास रक्तरञ्जित छ । सहिदहरू बढी उत्पादन गर्ने कारखानाको रूपमा रहेको छ देश । एकातिर प्रशासन परिवर्तनका नाममा संयन्त्रहरूको जग हल्लाउने काम भइरहेका छन् भने भूस्वर्ग भएको देशलाई प्रकृतिले नै नरक बनाइरहेको छ । जलवायु परिवर्तनलगायतका विषयमा डटेर मुकाबिला गर्ने सक्षम जनशक्ति, प्रविधि, पहुँच र स्रोत छैन देशमा । भएको युवा शक्ति बेला-बखत यहाँ राजनीतिक उथलपुथल गराउँछ र विदेश बसेर विप्रेषण पठाउँछ । उसको नोट चलेको र भोट नचलेको अवस्था छ । रोजगारीको चिन्ताले सताइएको नेपालीलाई हिजो मुनामदनको रूपमा र आज खाडीकै तातो घामले पोलेको छ ।

स्थायी सरकार निजामती प्रशासन अस्थायी भएको छ । राजनीतिक कोपभाजनमा परेर निजामती प्रशासन अरूले लाए-अह्राएको कामकाजी खेतालो भएको छ र अब त पेन्सन, सेवा अवकाश उमेरलगायतले मानसिक पीडामा पनि छ । कुरेर माथिल्लो पद ताकेर बस्नेहरूका लागि नयाँ निजामती विधेयक दसैंको मार हान्ने खुकुरी भएर आएको छ । यति त्रासमा छन् कर्मचारी कि धेरैले विगत तीन महिनामा जागिर छोडे, बाँकीहरू झनै त्रासमा छन् । सरकारले यो त्रासमा राखिराख्नुभन्दा संसद्मा विधेयकको नाटक नगरेर एकैपल्ट अध्यादेश शैलीमा मार हान्दा राम्रो हुन्छ ।

जुन विधेयक दर्ता भएको छ, अहिले यसले गति लिने छाँट छैन । असन्तुष्ट छन् धेरै, जसले विधेयकमा गति दिन प्रत्यक्ष भूमिका खेल्नुपर्ने हुन्छ । छयालीस सालपछि कर्मचारीतन्त्रमा सन्नाटा छाएको छ । दलमा नलाग्नेका लागि र दलहरूका लागि काम गर्नेहरू बढी देखिएका छन्, देशका लागि भन्दा पनि । संघ-संगठनहरू त्यसैका उपज हुन् । तिनले सुशासन भने, तर व्यवहारमा देखाए कुशासन, जसले देशको मुहार अन्तर्राष्ट्रिय स्तरमै गिर्‍यो, कुरूप भयो । धेरैले भने, 'तिम्रो देशमा सुशासन छैन' र आँकडाहरू पनि प्रकाशित गरे ट्रान्सपरेन्सी इन्टरनेसनलहरूले । भ्रष्टाचारमा अब्बल देखिएको देश विधिको शासनमा धेरै तल रह्यो ।



प्रक्रियागत कर्ममा तल्लीन प्रशासनयन्त्रले परिणाममुखी हुने अवसर पाएन । लाए-अह्राएको कामले दिन बितायो । पछिल्लो समय हप्ताको दुई दिन बिदाले कर्मचारीमा इफिसियन्सी देखिएन, बरु धपेडीमा कर्मचारी ९ बजे हाजिर हुने, सेवाग्राहीहरू भने त्यो समयमा नपुग्ने अवस्था रह्यो । झन् जटिलता थपियो ।

विदेशीको नक्कल गरियो, तर विदेशीले गरेको सहज पूर्वाधारको नक्कल गरिएन । भएको पूर्वाधार पनि छिन्नभिन्न मात्रै भएन, ढल्यो, जल्यो, गल्यो । भोटेकोशीको ताण्डव नृत्यमा मलम लगाउन मूल्यांकनहरू आकाशमा उडाइए, तिनको खर्च राहत संकलन जत्तिकै भयो । विदेशीहरूले यति धेरै रकम वर्षाए कि सधैं देश भीक्षार्थी भइदियो । ऋणको भारी, महँगीको तीव्रता, व्यापारघाटाको अधिकता, उत्पादन शून्य, संस्कृतिमा विकृति, विदेशीको इसारामा देश चलेको भन्नेहरूको पनि कमी भएन यहाँ ।

धेरै प्रयोगशाला भयो देश । निजामती प्रशासन सक्षम भएन, योग्यता प्रणालीभन्दा भनसुनमा रह्यो र राजनीतकर्मीहरूले देशलाई लुछे, पेवा बनाए । सुविधाहरू आफन्तलाई दिए, आफ्नैबाट काम गराए, स्वार्थको दलदलमा फस्यो देश ।

अहिले स्वार्थमा नलाग्ने, त्यो परिवेशको अन्त्य गर्ने भन्दै नयाँ विधेयक आउन लागेको छ । तर सफल गराउनमा कर्मचारीकै हात अघि बढ्न मुस्किल छ । सधैं थाँती रहेको यस्तो ऐन सरकारले चाहेमा अध्यादेशबाट ल्याउन सक्ने हुँदा त्यसतिर ध्यान दिनु बालेन सरकारलाई सहज हुन सक्छ । नियमित प्रक्रियाले अहिलेको मस्यौदा पारित हुँदैन । भइहाल्यो भने पनि यसले धेरै समय लिन्छ र रात परेपछि अग्राख पनि पलाउने हाम्रो विगत छ । कतिपल्ट यस्ता विधेयक आए, लुकामारीमा परे ।

प्रशासनयन्त्रलाई मेसिनझैं चलाउने नीति पनि राम्रो हुँदैन । ह्युमन बिहेभियरल थ्योरी अपनाउँदा पनि हाम्रो जस्तो देशमा सुविधा नै बढी खोज्ने परम्परा छ । कडाइ गर्दा थ्योरी एक्स विगतमा संसारमै असफल भएको उदाहरण छ भने ह्युमन रिलेसन एप्रोचमा थ्योरी वाइमा जाने देशहरू भनेका समृद्ध मात्र छन्, जसलाई अनुशासन र नैतिकता सिकाउनु पर्दैन । त्यस्ता देशहरूमा बिहेभियरल एप्रोच सफल छ ।

हामीकहाँ थ्योरी एक्स र वाईको मिश्रण थ्योरी जेड प्रचलनमा आउन सक्छ, अर्थात् क्यारोट एन्ड स्टिक, अर्थात् दण्ड-सजाय र चकलेट पनि साथमा । उँटलाई कुदाउन गाजर देखाउनुपर्छ, कुदेन भने लठी हान्नुपर्ने हुन्छ ।

दक्ष र योग्य कर्मचारी तयार गर्न विगतको नेतृत्व असफल रह्यो । गणेशभक्तिमा रमाउने राजनीतिक संयन्त्रले प्रशासनलाई इतिहासकै कमजोर अवस्थामा पुर्‍यायो र परेका बेला सबैले खुट्टा छोडिदिए । पुरानो नेतृत्व पाखा लाग्यो । नयाँलाई पनि असहज छ । कर्मचारीहरूले सिधै समर्थन गरेको अवस्था छैन । पूर्वकर्मचारीहरूलाई पनि हात लिन नयाँ सरकारले सकेन । पेन्सनलगायतमा छुच्चो व्यवहार देखाइएको छ ।

समग्रमा नेपालको प्रशासन सक्षम र जनमुखी बन्न सकेको छैन । प्रविधिमा केही फड्को मारे पनि कर्मचारीलाई काम गर्न मन लागेन भने 'सर्भर डाउन' भन्दै सेवाग्राहीलाई झुलाउने परम्परा ताजै छ । अहिलेसम्म कतिपय वृद्धभत्ता नवीकरण हुन सकेको छैन । एनआईडीमा सर्भर समस्या विद्यमान छ ।

इतिहासको पाना ● सन्तोष खडेरी

## दरबार हाइस्कुलका डिजाइनर सिकर्मी जोगवीर



श्री ३ जंगबहादुर राणाको बेलायत भ्रमणपछि विसं १९१० सालमा थापाथली दरबारभित्र खुलेको दरबार स्कुलपछि नारायणहिटी दरबार हुँदै श्री ३ महाराज वीरशमशेरको कार्यकालमा मात्र हालको रानीपोखरीको छेउमा सरेको हो ।

महाराज वीरशमशेरले नै विसं १९४६ सालमा रानीपोखरी पश्चिमपट्टि २ नाले २ तले बीच बरन्डा भएको इस्कुल भवनको निर्माण गराई नारायणहिटी दरबारभित्र रहेको दरबार स्कुललाई अहिलेको ठाउँमा सारेका हुन् । त्यसको जिम्मेवारी उनले सिकर्मी नाइके जोगवीर स्थापितलाई दिएका थिए ।

त्यस भवनको नाप नक्सा र डिजाइन सिकर्मी नाइके जोगवीर स्थापितले गरेका हुन् । उनले डिजाइन गरेको नाप नक्सा नै महाराज वीरशमशेरले सदर गरी उक्त भवन बनाउने जिम्मेवारी समेत उनै स्थापितलाई दिएका थिए ।

नेपाली युवकहरूले आधुनिक इन्जिनियरिङ शिक्षा अध्ययन गर्नुभन्दा पहिले निर्माण भएका धेरै राणाकालीन दरबारहरूको नाप नक्सा, डिजाइन र निर्माण गरेका थिए । जोगवीर स्थापितले दरबार स्कुल बनाएको रीझबापत महाराज वीरशमशेरले उनलाई बकससमेत दिएका थिए । उनले त्यतिबेला दरबारहरू बनाएको रीझबापत नगद बकस र जग्गा बिर्ता समेत पाएका थिए ।

तस्बिर स्रोत :- जोगवीर स्थापितको तस्बिर नेपालभाषा संग्रहालयबाट

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# १० दिनमा 'बाः एक योद्धा'को कमाइ करिब दुई करोड



काठमाडौं/मस- चलचित्र 'बाः एक योद्धा'ले १० दिनमा दुई करोड रुपैयाँ ग्रसकलेक्सन गरेको छ। गत शुक्रबारबाट रिलिज भएको चलचित्रले आइतबारसम्म १० दिनमा एक करोड ९३ लाख ६ हजार ४ सय ६५ रुपैयाँ ग्रसकलेक्सन गरेको हो।

यो सिनेमा १० दिनमा ६५ हजार ५ सय ६० दर्शकले हेरेका छन्। रिलिजको चार-पाँच दिन पछिबाट पिकअप लिएको सिनेमा अहिले उत्साहजक रुपमा चलिरहेको छ।

वर्ड अफ माउथ राम्रो हुँदा दर्शकको चाप हरेक दिन बढ्दै गएको निर्देशक हरि लम्सालले बताएका छन्। 'सो थपिनेक्रम बढ्दै गएको छ। चलचित्र राम्रो र हेर्नै पर्ने भन्ने दर्शकको प्रतिक्रिया आइरहेको छ,' उनले भने, 'त्यसैले अबका दिनमा दर्शकले हाम्रो चलचित्रलाई थप साथ दिनुहुने हाम्रो विश्वास छ।'

चलचित्रको कथा नेपाली समाजमा सन्तानको भविष्यका लागि बाबुले गर्ने त्याग, संघर्ष र जीवनभर झेल्ने चुनौतीमा केन्द्रित छ। सन्तानको इच्छा पूरा गर्न आमाबाबुले गर्ने संघर्षदेखि वृद्ध अवस्थामा उनीहरूले पाउने उपेक्षा र दुःखसम्मका विषयलाई चलचित्रले कथाको केन्द्रमा राखेको छ।

चलचित्रमा दिव्यदेव, झरना थापा, सुहाना थापा, माओत्से गुरुङ, अनिल बुढाथोकी, सागर खनाल, शिशिर सिवाकोटी, सुप्रज्ञा शर्मा र शवि थापालगायतका कलाकारको अभिनय रहेको छ। हरि लम्सालको लेखन तथा निर्देशनमा बनेको चलचित्र 'बाः एक योद्धा' आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको हो। चलचित्रको कथा तथा पटकथा पनि निर्देशक लम्सालकै रहेको छ। चलचित्रका निर्माता वसन्त लम्साल हुन् भने अनिल बुढाथोकी कार्यकारी निर्माता रहेका छन्। अर्जुन पौडेल लाइन प्रोड्युसर तथा कृष्ण काफ्ले सह-निर्माताका रूपमा छन्।

# दुई नयाँ गीत ल्याउँदै जीवन




**काठमाडौं/मस-** मोडल जीवन विश्वकर्माको 'ह्याभ यु एभर सिन द रेन' चर्चामा छ। म्यानहन्ट इन्टरनेसनलका विजेता उनी अब आफ्नो नयाँ गीत 'स्टिल हियर फर यु' र 'मुटुभित्र तिम्रो माया'को तयारीमा छन्।

'मुटुभित्र तिम्रो माया'मा उनको आफ्नै गायन र अभिनय रहेको छ। उनी कलाकारिता नै आफ्नो जीवनको मुख्य लक्ष्य भएको बताउँछन्। 'अहिलेसम्म जे-जति गरें कलाकारितामा नै गरेकाले पनि यो क्षेत्र छोडेर जान सक्दिनँ,' उनी भन्छन् 'अहिलेसम्म मैले गरेका कामलाई दर्शक र स्रोताले मन पराइदिनु भएकाले पनि मेरो मनमा अझै केही गरौं भन्ने सोच पलाएको छ।'

उनले कलाकारिताले सन्देशसँगै मनोरञ्जन दिने भएकाले समाजको लागि केही गरौं भन्ने भावना सानैदेखि पलाएको बताएका छन्। कलाकारितामा नै लामो समयको अनुभव भएकाले परिस्थिति अनुसार अभिनय गर्न सक्ने उनी बताउँछन्।

**अनुसूची-१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०६/२०**

कल्याणकोट सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०९, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व.२०८२/०८३ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा मध्ये समुह बाहिर लिलाम विक्रिको लागि सहमति प्राप्त काठ दाउरा र आ.व. ०८१/०८२ मा उत्पादन भई समुह भित्र विक्रि भई बाँकि रहेको काठ यस सा.व.उ.स. को घाटगद्दीमा घटगद्दी गरी राखिएको १ देखि ११ सम्म लट कायम गरिएका साल, खयर लगायत विभिन्न जातको गोलिया थान २३८० को १६८८९.४७ क्यु.फि. काठ तथा साल, साल मिश्रीत र अन्य जातको ५८.२५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। रित पुगेका इच्छुक वन पैदावारमा आधारित उद्योग/स:मिल/फर्महरुले यो सुचना प्रकाशन भएको मितिले २१ औं दिन सम्ममा यस समुहको कार्यालयबाट वा डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) वाट बोलपत्र खरिद गरि २२ औं दिन सोही कार्यालयमा लटहरुको छुटा छुट्टै सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री कल्याणकोट सामुदायिक वन उपभोक्ता समूह,**
**शिवराज न.पा ०९. कपिलवस्तु**

## प्रभु बैंक लिमिटेड, मुख्य शाखा कार्यालय, बबरमहल तथा अन्य शाखा कार्यालयहरुबाट क्रेडिट-कार्ड कर्जा उपभोग गर्ने तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८३/०६/२० गते मंगलबारको मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित क्रेडिट-कार्ड कर्जाका ऋणीहरुले यस बैंकबाट लिनु भएको क्रेडिट-कार्ड कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भएको हुदा उक्त क्रेडिट-कार्ड कर्जा असुलीका लागी पटक पटक मौखिक एवं लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीहरुले क्रेडिट-कार्ड कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत : यो सूचना प्रकाशित भएको मितीले ३५ दिनभित्र क्रेडिट-कार्ड कर्जा चुक्ता भुक्तानी हुने मिती सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणीहरुलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधि भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्यौट नगर्नु भएको खण्डमा तपाइँ ऋणीहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सिफारिस गरीने तथा ऋणीहरुको सम्पत्ति बाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराउँदछौं। बैंकको उल्लेखित काम कारवाहीबाट तपाईको आफ्नो व्यावसायिक ख्याती सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण क्रेडिट-कार्ड कर्जा चुक्ता फछ्यौंट गर्नु हुने अपेक्षा गरिएको छ।

तपसिल

| क. ऋणीको विवरण : | |
|---|---|
| **ऋणी : भेष वहादुर वि.क.** (ना.प्र.नं. २०११७४/००४०५, जारी मिति २०७४/०५/०३, प्रतिलिपि जारी मिति २०७५/१०/२०, जि.प्र.का. सिन्धुली)।<br>ठेगाना : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. ११।<br>बाबु : जंगवीर कामी। बाजे : मानवीर कामी। | **ऋणी : प्रकाश भट्टराई** (ना.प्र.नं. २४-६५-७४/९२, जारी मिति २०७४/०४/१९, जि.प्र.का. सिन्धुपाल्चोक)।<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला, हेलम्बु गा.पा. वडा नं. ७।<br>बाबु : दिर्घ वहादुर भट्टराई।<br>बाजे : छविलाल भट्टराई। |
| **ऋणी : सुर्य अधिकारी** (ना.प्र.नं. ४५१५३, जारी मिति २०६१/०७/२४, जि.प्र.का. गुल्मी)।<br>ठेगाना : गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १० (साविक सिमीचौर गा.वि.स. वडा नं. २)।<br>बाबु : जित वहादुर अधिकारी।<br>बाजे : अमर वहादुर अधिकारी। | **ऋणी : नवराज कोइराला** (ना.प्र.नं. २१, जारी मिति २०५१/०८/२७, जि.प्र.का. चितवन)।<br>ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ (साविक भरतपुर उ.म.न.पा. वडा नं. १३)।<br>बाबु : पदम पाणी कोइराला।<br>बाजे : विष्णुदत्त कोइराला। |
| **ऋणी : जुबैरा खातुन** (ना.प्र.नं. १०८४/७१७१, जारी मिति २०६७/०६/१२, प्रतिलिपि जारी मिति : २०७८/०३/१७, जि.प्र.का. बारा)।<br>ठेगाना : बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. १ (साविक प्रसौनी गा.वि.स. वडा नं. ६)।<br>बाबु : निरहसन मिया धुनिया। ससुरा : तैयब मंसुरी। | **ऋणी : गुणराज गजुरेल** (ना.प्र.नं. २६३/२७७, जारी मिति २०५८/१०/२१, प्रतिलिपि जारी मिति : २०७०/०५/३१, जि.प्र.का. धादिङ्ग)।<br>ठेगाना : धादिङ्ग जिल्ला, धुनीवेशी न.पा. वडा नं. ४ (साविक जीवनपुर गा.वि.स. वडा नं. ३)।<br>बाबु : भेषनाथ गजुरेल। बाजे : दुण्डीराज गजुरेल। |
| **ऋणी : सागर राई** (ना.प्र.नं. ०३-०१-०२५/९१५०८, जारी मिति २०६६/०३/१५, जि.प्र.का. इलाम)।<br>ठेगाना : इलाम जिल्ला, रोङ गा.पा. वडा नं. ६ (साविक जिर्मले गा.वि.स. वडा नं. ६)।<br>बाबु : दिलमान राई। बाजे : बीरदल राई। | **ऋणी : प्रकृती उप्रेती** (ना.प्र.नं. ३००१-०६६-३२२५, जारी मिति २०६६/१२/१२, जि.प्र.का. काभ्रेपलाञ्चोक)।<br>ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु गा.पा. वडा नं. ८, (साविक भुम्लुटार गा.वि.स. वडा नं. १)।<br>बाबु : फणिन्द्र राज उप्रेती। बाजे : बलराम उप्रेती। |
| **ऋणी : भोलामान थापा** (ना.प्र.नं. ५९७२०/६७१६, जारी मिति २०६१/१२/०६, जि.प्र.का. ओखलढुंगा)।<br>ठेगाना : ओखलढुंगा जिल्ला, चम्पादेवी गा.पा. वडा नं. ६,(साविक फुलवारी गा.वि.स. वडा नं. ४)।<br>बाबु : अर्जुन कुमार थापा।<br>बाजे : कृष्ण वहादुर थापा। | **ऋणी : बिपेन्द्र श्रेष्ठ** (ना.प्र.नं. २७१९७५/१७९२८, जारी मिति २०४९/०६/०४, प्रतिलिपि जारी मिति : २०६९/०१/२६, जि.प्र.का. काठमाण्डौ)।<br>ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २३,(साविक का.म.पा. वडा नं. २३)।<br>बाबु : बैकुण्ठ प्रसाद श्रेष्ठ। बाजे : पुर्णमान श्रेष्ठ। |
| **ऋणी : दिनेश प्रसाद चौहान** (ना.प्र.नं. ६०४८१९७२, जारी मिति २०५५/०७/१६, प्रतिलिपि जारी मिति : २०७१/०२/०२, जि.प्र.का. पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २२, (साविक मनियारी गा.वि.स. वडा नं. ९)।<br>बाबु : द्धारीका महतो खुलौट। बाजे : रामवरण महतो। | **ऋणी : पुर्णेन्दु कुमार झा** (ना.प्र.नं. ३५७०२७१९, जारी मिति २०६१/०१/२७, प्रतिलिपि जारी मिति : २०७३/०१/३०, जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ८,( साविक गोडैता गा.वि.स. वडा नं. १)।<br>बाबु : वंशीधर झा। बाजे : जनक लाल झा। |
| **ऋणी : वावुराम भगत** (माली) (ना.प्र.नं. ३११२, जारी मिति २०५४/०४/२६, जि.प्र.का. सप्तरी)।<br>ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ११, (साविक फर्सेठ गा.वि.स. वडा नं. ६)<br>बाबु : मिश्रीलाल भगत माली। बाजे : सोनाई माली। | **ऋणी : चैतन्य तुम्बाहाम्फे** (ना.प्र.नं. २३१०/८३०९, जारी मिति २०४१/१२/०७, जि.प्र.का. काठमाण्डौ)।<br>ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३२ (साविक का.म.पा. वडा नं. ३५)।<br>बाबु : पहलमान तुम्बाहाम्फे। बाजे : विरहाङ तुम्बाहाम्फे। |
| **ऋणी : निर्मल पण्डित** (ना.प्र.नं. ५२८७०/२५२, जारी मिति २०५४/०९/२०, पहिलो प्रतिलिपि जारी मिति : २०५५/०५/२८, दोस्रो प्रतिलिपि जारी मिति : २०६६/०७/२०, जि.प्र.का. नुवाकोट)।<br>ठेगाना : नुवाकोट जिल्ला, पञ्चकन्या गा.पा. वडा नं. ४, (साविक थप्रेक गा.वि.स. वडा नं. ५)।<br>बाबु : डोल वहादुर पण्डित। बाजे : चन्द्र वहादुर पण्डित। | **ऋणी : अनिल पन्थी** (ना.प्र.नं. ४१-२१-७६-००३८६, जारी मिति २०७०/०१/१३, प्रतिलिपि जारी मिति : २०७६/०३/२४, जि.प्र.का. गुल्मी)।<br>ठेगाना : गुल्मी जिल्ला, मदाने गा.पा. वडा नं. ७।<br>बाबु : खुमान सिंह पन्थी।<br>बाजे : हिरलाल पन्थी। |
| **ऋणी : अमितेश झा** (ना.प्र.नं. ३५३१/३७०, जारी मिति २०५८/०३/१०, जि.प्र.का. कैलाली)।<br>ठेगाना : कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ७, (साविक नारायणपुर गा.वि.स. वडा नं. ८)।<br>बाबु : भवनाथ झा।<br>बाजे : गोपीकान्त झा। | **ऋणी : विकेश ताम्राकार** (ना.प्र.नं. २०१५९, जारी मिति २०६०/०६/०२, जि.प्र.का. ललितपुर)।<br>ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १२, (साविक ललितपुर उ.म.न.पा. वडा नं. १२)।<br>बाबु : भक्त वहादुर ताम्राकार।<br>बाजे : तुल्सी वहादुर ताम्राकार। |
| **ऋणी : विकास कुमार चापागाँई** (ना.प्र.नं. ३५५१७/१२०७६, जारी मिति २०५४/०८/११, प्रतिलिपि जारी मिति २०६७/०४/२१ जि.प्र.का. उदयपुर)।<br>ठेगाना : उदयपुर जिल्ला, चौदण्डीगढी न.पा. वडा नं. ५ (साविक सुन्दरपुर गा.वि.स. वडा नं. २)।<br>बाबु : सम्पूर्ण चापागाई। बाजे : वोधराज चापागाई। | **ऋणी : सानुराज बस्नेत** (ना.प्र.न. २७३३३३/९७२०/३११८/१०५७४, जारी मिति २०५५/११/२६, प्रतिलिपि जारी मिति : २०६८/०७/०३, जि.प्र.का. काठमाण्डौ)।<br>ठेगाना : काठमाण्डौ जिल्ला दक्षिणकाली न.पा. वडा नं. ५ (साविक शेषनारायण गा.वि.स. वडा नं. ६)।<br>बाबु : नवराज बस्नेत।<br>बाजे : श्याम वहादुर बस्नेत। |
| **ऋणी : देवेन्द्र आचार्य** (ना.प्र.नं. ८७, जारी मिति २०४३/०९/०३, जि.प्र.का. पाँचथर)।<br>ठेगाना : पाँचथर जिल्ला, हिलीहाङ गा.पा. वडा नं. ५, (साविक सुभाङ्ग गा.वि.स. वडा नं. ६)।<br>बाबु : नरपती आचार्य।<br>बाजे : पुर्णनन्द आचार्य। | **ऋणी : सिर्जन अधिकारी** (ना.प्र.न. ४६१००४/१०३, जारी मिति २०६४/०९/०१, प्रतिलिपि जारी मिति २०६९/०५/१२ जि.प्र.का. कास्की)।<br>ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.२१ (साविक निर्मलपोखरी गा.वि.स. वडा नं. ९)।<br>बाबु : ऋषिराम अधिकारी। बाजे : राम प्रसाद अधिकारी। |

| | |
|---|---|
| **ऋणी : शंकर प्रसाद न्यौपाने** (ना.प्र.न. ३९१०६६/१४४२, जारी मिति २०६६/०१/१४, जि.प्र.का. पाल्पा)।<br>ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. २, (साविक ता.न.पा. वडा नं. १)।<br>बाबु : उमानाथ शर्मा न्यौपाने।<br>बाजे : होमकान्त न्यौपाने। | **ऋणी : शुशिल ढकाल** (ना.प्र.न. २७२५३१/५१३९ जारी मिति २०४०/११/०१, प्रतिलिपि जारी मिति २०६७/०३/०९, जि.प्र.का. काठमाण्डौ)।<br>ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ.म.न.पा. वडा नं.१६, (साविक का.म.पा. वडा नं. १६)।<br>बाबु : शिव दत्त ढकाल। बाजे : दामोदर ढकाल। |
| **ऋणी : लोक वहादुर अर्याल** (ना.प्र.न. ११०४८६/७६, जारी मिति २०६१/०५/०६, जि.प्र.का. दैलेख)।<br>ठेगाना : दैलेख जिल्ला, डुङ्गेश्वर गा.पा. वडा नं. ६, (साविक डाँडापराजुल गा.वि.स. वडा नं. ७)।<br>बाबु : मोहन वहादुर अर्याल।<br>बाजे : शशीधर अर्याल। | **ऋणी : संदीप कुमार मिश्रा** (ना.प्र.न. ४६५७४२०४, जारी मिति २०६१/०४/११ प्रतिलिपि जारी मिति २०७२/१२/१४, जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला, रामनगर गा.पा. वडा नं. १, (साविक खैर्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : दिनेश मिश्र। बाजे : राम नारायण मिश्र। |
| **ऋणी : शेर सिंह रावल** (ना.प्र.न. १६१०२, जारी मिति २०५५/०८/२८, जि.प्र.का. बैतडी)।<br>ठेगाना : बैतडी जिल्ला पाटन न.पा. वडा नं. १ (साविक सकार गा.वि.स. वडा नं. ३)।<br>बाबु : कमल सिंह रावल। बाजे : कालु सिंह रावल। | **ऋणी : करण थापा** (ना.प्र.न. ६४-०१-७४-०३९२८, जारी मिति २०७४/०७/०५, जि.प्र.का. सुर्खेत)।<br>ठेगाना : सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. ६।<br>बाबु : हेमकर्ण थापा।<br>बाजे : कर्ण वहादुर थापा। |
| **ऋणी : राज कुमार श्रेष्ठ** (ना.प्र.न. २१३०३६-५७, जारी मिति २०७०/०२/२७, प्रतिलिपि जारी मिति २०७४/१२/१९, जि.प्र.का. रामेछाप)।<br>ठेगाना : रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. ४ (साविक मन्थली न.पा. वडा नं. ८)।<br>बाबु : मोहन कुमार श्रेष्ठ। बाजे : ज्ञान वहादुर श्रेष्ठ। | **ऋणी : सनम कुमार सिंह** (ना.प्र.न. २५७००/३४२७, जारी मिति २०६२/०९/५, जि.प्र.का. मोरङ<br>ठेगाना : मोरङ जिल्ला मिक्लाजुङ गा.पा. वडा नं. ९, (साविक मधुमल्ला गा.वि.स. वडा नं. १),<br>बाबु : महेन्द्र प्र. सिंह। बाजे : कनक सिंह। |
| **ऋणी : रविन्द्र नाथ पोखरेल** (ना.प्र.न. ३१२०/००४ जारी मिति २०५२/०९/१३, प्रतिलिपि जारी मिति २०६७/०१/३१ जि.प्र.का. मकवानपुर)।<br>ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ५।<br>बाबु : मोदनाथ पोखरेल। बाजे : दिल्लीराज पोखरेल। | **ऋणी : ज्यास्मिन श्रेष्ठ** (ना.प्र.न. ५७१४ जारी मिति २०५५/०८/२२, जि.प्र.का. काठमाण्डौ)।<br>ठेगाना : काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. २४, (साविक काठमाण्डौ उ.म.न.पा. वडा नं. २६)।<br>बाबु : अर्जुन लाल श्रेष्ठ। बाजे : सनक लाल श्रेष्ठ। |
| **ऋणी : मनीष सेढाई** (ना.प्र.न. ६६१०१९/१०७८, जारी मिति २०६५/०९/१७, जि.प्र.का. बाँके)।<br>ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० (साविक नेपालगंज उ.म.न.पा. वडा नं. १३)।<br>बाबु : मदन प्रसाद सेढाई।<br>बाजे : कृष्ण शंकर सेढाई। | **ऋणी : मुकेश त्रिपाठी** (ना.प्र.न. ३८०१/३५२२, जारी मिति २०५८/०९/०८, प्रतिलिपि जारी मिति २०६५/०१/२७ जि.प्र.का. बारा)।<br>ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ४ (साविक कलैया न.पा. वडा नं. ५)।<br>बाबु : राधारमण त्रिपाठी। बाजे : रिझन त्रिपाठी। |
| **ऋणी : विष्णु लिम्बु** (ना.प्र.न. १३३७१/६२५६(१३६७), जारी मिति २०३६/११/२९, चौथो प्रतिलिपि जारी मिति २०६२/०६/१२ जि.प्र.का. सुनसरी)।<br>ठेगाना : सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ७ (साविक धरान उ.म.न.पा. वडा नं. ७)।<br>बाबु : तिलक बहादुर लिम्बु। बाजे : सुकदल लिम्बु। | **ऋणी : नीरज मानन्धर** (ना.प्र.न. ५९६७, जारी मिति २०५३/०९/०९, जि.प्र.का. काठमाण्डौ)।<br>ठेगाना : काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. १२ (साविक काठमाण्डौ उ.म.न.पा. वडा नं. १२)।<br>बाबु : लक्ष्मण मानन्धर।<br>बाजे : कर्ण लाल मानन्धर। |
| **ऋणी : अनिल खड्का** (ना.प्र.न. ६२३४, जारी मिति २०६०/०४/१३, जि.प्र.का. वाग्लुङ)।<br>ठेगाना : बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ८ (साविक सिंगाना गा.वि.स. वडा नं. ३)।<br>बाबु : सिरी वहादुर खड्का। बाजे : पदम वहादुर खड्का। | **ऋणी : सतिश कुमार कलवार** (ना.प्र.न. ३४१०६३/३३९, जारी मिति २०६७/०५/१४, जि.प्र.का. पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला, बिन्दबासिनी गा.पा. वडा नं. ५ (साविक पर्सौनी भाठा गा.वि.स. वडा नं. २)।<br>बाबु : चन्द्रशेखर प्रसाद। बाजे : ओमप्रकाश प्रसाद। |
| **ऋणी : कमल कुमार मोर** (ना.प्र.न. ६६४००, जारी मिति २०५९/०१/१९, जि.प्र.का. मोरङ)।<br>ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. २ (साविक विराटनगर उ.म.न.पा. वडा नं. ३)।<br>बाबु : पुरनभल मोर।<br>बाजे : मंगीलाल मोर। | **ऋणी : उमेश आचार्य** (ना.प्र.न. ७६१-०४०-०४१, जारी मिति २०४०/०५/०२, प्रतिलिपि जारी मिति २०७३/०१/२४, जि.प्र.का. ललितपुर)।<br>ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४ (साविक ललितपुर उ.म.न.पा. वडा नं. १४)।<br>बाबु : केदार प्रसाद आचार्य। बाजे : माधव प्रसाद आचार्य। |
| **ऋणी : सुरज लाल श्रेष्ठ** (ना.प्र.न. ४१५३/३५१३/६१३९/३५३, जारी मिति २०४९/११/२८, प्रतिलिपि जारी मिति २०६६/०४/१५, जि.प्र.का. काठमाण्डौ)।<br>ठेगाना : काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. २३ (साविक का.म.पा. वडा नं. २३)।<br>बाबु : इश्वर लाल श्रेष्ठ। बाजे : विश्व लाल श्रेष्ठ। | **ऋणी : उकेश कुमार गुप्ता** (ना.प्र.न. ५५६३, जारी मिति २०५५/०६/०७, जि.प्र.का. सप्तरी)।<br>ठेगाना : सप्तरी जिल्ला बोदेबरसाईन न.पा. वडा नं. ७ (साविक मानराजा गा.वि.स. वडा नं. १),।<br>बाबु : सुधिर कुमार शाह तेली।<br>बाजे : रत्नेश्वर प्रसाद शाह। |
| **ऋणी : साजिद आलम** (ना.प्र.न. ३४१०५४/२१५, जारी मिति २०६७/१०/२०, प्रतिलिपि जारी मिति २०७१/०६/२९, जि.प्र.का. पर्सा)।<br>ठेगाना : पर्सा जिल्ला.कालिकामाई गा.पा. वडा नं. १ (साविक मुडली गा.वि.स. वडा नं.२)।<br>बाबु : ओहाव अहमद तेली।<br>बाजे : ऐनुल हक मियाँ तेली। | **ऋणी : गोविन्दा शाह** (ना.प्र.न. १०८४/२४१२९, जारी मिति २०६८/११/०४, जि.प्र.का. बारा)।<br>ठेगाना : बारा जिल्ला प्रसौनी गा.पा. वडा नं. २ (साविक प्रसौनी गा.वि.स. वडा नं.५)।<br>बाबु: विश्वनाथ साह कानु।<br>बाजे : सुरुज शाह कानु। |
| **ऋणी : जङ्ग बहादुर गुरुङ्ग** (ना.प्र.न. ३७७७८/१६९,जारी मिति २०४८/०७/२५, जि.प्र.का.इलाम)।<br>ठेगाना : इलाम जिल्ला, सुर्योदय न.पा. वडा नं.८ (साविक कन्याम गा.वि.स. वडा नं.२)।<br>बाबु : नन्द कुमार गुरुङ्ग। बाजे : चन्द्र बहादुर गुरुङ्ग। | |

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**पगनाथ, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं.: खरिद इकाई/२/२०८३/०८४**
**(दोस्रो पटक प्रकाशित मिति :- २०८३/०६/१९)**

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दैलेख यस गाउँपालिका अन्तर्गत देहायको मालसामान सप्लाई कार्य गर्नुपर्ने भएकोले रितपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गर्दछ।

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|
| BRM/GOODS/SQ/02/2083/084 | मसलन्द तथा कार्यालय सामग्री खरिद तथा सप्लाई कार्य | १,०००.० | ४०,०००.०० |

**दरभाउपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानत :**

| दरभाउपत्र पेश गर्ने अन्तिम | | दरभाउपत्र खोलिने | | दरभाउपत्र फाराम खरिदको लागि बैङ्क | | | दरभाउपत्र जमानत दाखिला गर्ने बैङ्क | | | राजस्व शीर्षक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्वर | नाम र शाखा | खाताको नाम | खाता नम्वर | नाम र शाखा | |
| २०८३/०६/२७ | १२:०० बजे | २०८३/०६/२७ | १४:०० बजे | GA:1.1 BHAGAWATIMAI GA.PA. ANTARICK RAJASHWO KHATA | 1510109328800091 | PRABHU BANK, BAHAGAWATIMAI BRANCH | GA:3BHAGAWATIMAI GA.PA. STHANIYA TAHA DHARAUTI KHATA | 1510109328800041 | PRABHU BANK, BAHAGAWATIMAI BRANCH | १४२२९ |

**प्रमुख प्रशासकीय अधिकृत**

# २७ जलविद्युत् आयोजनाको आरसिओडी थपियो ५४० मेगावाटको बाटो खुल्यो

**मध्यान्ह सवांददाता**
काठमाडौं, १९ असोज

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको पहलपछि नेपाल विद्युत् प्राधिकरणले पहिलो चरणमा ५४०.४७ मेगावाट क्षमताका २७ जलविद्युत् आयोजनाको व्यावसायिक उत्पादन सुरु गर्ने मिति (आरसिओडी) थप गरेको छ । विद्युत् खरिद सम्झौता (पिपिए) गरिसकेका तर निर्धारित समयभित्र आयोजना सम्पन्न गर्न नसकेका आयोजनाको वास्तविक अवस्था मूल्यांकन गरी प्राधिकरणले आरसिओडी थप गरेको हो ।




मन्त्री श्रेष्ठले यसअघि जलविद्युत् प्रवर्धकहरूसँग सामूहिक छलफल गर्दै वास्तविक लगानीकर्तालाई सहजीकरण गर्ने सरकारको नीति रहेको बताए । प्राधिकरणले आयोजनाको भौतिक प्रगति, आरसिओडीको अवस्था र पिपिएअनुसार प्रवर्धकले पूरा गर्नुपर्ने दायित्वका आधारमा कुल २१८ आयोजनालाई 'क', 'ख', 'ग' र 'घ' गरी चार समूहमा वर्गीकरण गरेको थियो । सोही आधारमा आवश्यक कागजात र प्रमाण पेस गरेका 'क' र 'ख' समूहका आयोजनाको आरसिओडी थप गर्ने प्रक्रिया अघि बढाइएको हो ।

गत असार ३२ गते बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले पहिलोपटक स्पष्ट मापदण्डसहित आयोजना वर्गीकरण गर्ने निर्णय गरेको थियो । 'क' समूहमा आवश्यक आधारभूत दायित्व पूरा गरेका तथा 'ख' समूहमा प्राधिकरणका कारण प्रसारण संरचना निर्माणमा ढिलाइ, काबुबाहिरको परिस्थिति वा कम्तीमा २५ प्रतिशत भौतिक प्रगति हासिल गरेका आयोजना समेटिएका छन् ।

मन्त्री श्रेष्ठले सरकारले निजी क्षेत्रलाई समस्यामा पार्ने नभई वास्तविक रूपमा निर्माण अघि बढाइरहेका आयोजनालाई सहजीकरण गर्ने नीति लिएको बताए । उनले आरसिओडी थपसम्बन्धी निर्णय व्यक्ति विशेषको इच्छामा नभई स्पष्ट मापदण्ड र संस्थागत प्रणालीका आधारमा हुने व्यवस्था विकास गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । निजी क्षेत्रको लगानी सुरक्षा र आत्मसम्मानप्रति सरकार संवेदनशील रहेको बताउँदै मन्त्री श्रेष्ठले प्रवर्धकहरूले पनि आफ्नो दायित्व समयमै पूरा गर्नुपर्नेमा जोड दिए । सरकार र निजी क्षेत्रबीच पारस्परिक उत्तरदायित्व कायम भए मात्र ऊर्जा क्षेत्रको विकासले गति लिने उनको भनाइ छ । प्राधिकरणका अनुसार हाल ८ हजार २९२ मेगावाट क्षमताका ३२० जलविद्युत् आयोजना निर्माणका विभिन्न चरणमा छन् । तीमध्ये 'क' समूहमा ४ हजार ४९१ मेगावाट क्षमताका १५० र 'ख' समूहमा १ हजार ४२० मेगावाट क्षमताका ६८ आयोजना छन् । बाँकी आयोजना 'ग' र 'घ' समूहमा वर्गीकृत छन् । 'ग' समूहमा आवश्यक उत्पादन अनुमतिपत्र, वित्तीय व्यवस्थापन वा जग्गा व्यवस्थापन पूरा नगरेका तथा आरसिओडी सकिँदासम्म २५ प्रतिशतभन्दा कम भौतिक प्रगति गरेका आयोजना छन् । 'घ' समूहमा अनिवार्य दायित्व पूरा नगरेका वा सर्वेक्षण तथा उत्पादन अनुमतिपत्र खारेज भएका आयोजना राखिएका छन् ।

'ख' समूहमा रहेका आयोजनाको भने नियमित अनुगमन गरिनेछ । प्राधिकरणको विद्युत् व्यापार विभागले आयोजना समयमै सम्पन्न गर्न आवश्यक निर्देशन दिने र त्यसको कार्यान्वयनको अनुगमन गर्नेछ । आवश्यक देखिएमा बढीमा ६ महिनाभित्र आयोजनाको पुनः वर्गीकरण गर्न सकिने व्यवस्था गरिएको छ । यस व्यवस्थाले वास्तविक कारणले प्रभावित निर्माणाधीन आयोजना र लामो समयदेखि प्रगति गर्न नसकेका आयोजनाबीच फरक छुट्याउँदै निजी क्षेत्रको लगानीलाई सहजीकरण गर्ने तथा आयोजना निर्माणमा थप जवाफदेहिता कायम गर्ने आधार तयार गरेको छ ।

# क्यान महासंघका पूर्वअध्यक्ष कुँवर असोसियोको उपाध्यक्षमा निर्वाचित

**काठमाडौं/मस-** कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ)का पूर्वअध्यक्ष नवराज कुँवर एसियन-ओसियनियन कम्प्युटिङ इन्डस्ट्री अर्गनाइजेसन(असोसियो)को उपाध्यक्षमा पुनः निर्वाचित भएका छन् । इन्डोनेसियाको जकार्तामा हालै सम्पन्न असोसियोको ४२ औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट कुँवर आगामी सन् २०२७-२८ कार्यकालका लागि सो पदमा सर्वसम्मत निर्वाचित भएका हुन् ।



कुँवरले यसअघि पनि क्यान महासंघको प्रतिनिधित्व गर्दै असोसियोमा सन् २०२२ देखि उपाध्यक्षको भूमिका निभाउँदै आएका थिए भने २०२२-२०२४ र २०२५-२०२६ मा उपाध्यक्षको जिम्मेवारी सम्हालेका थिए । उपाध्यक्षमा पुनः निर्वाचित भएपछि कुँवरले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्ने आफ्नो प्रयासलाई थप ऊर्जा मिलेको बताए । कुँवरले भने, 'सूचना प्रविधि क्षेत्रमा नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्ने प्रयास गरिरहेको छु । असोसियोमार्फत एसियाली देशहरूमा मजबुत प्रविधि प्रणाली बनाएर नेपाललाई विश्व आइसिटी क्षेत्रमा स्थान दिलाउन सकिन्छ, जसले नवप्रवर्तन, वृद्धि र अन्तर्राष्ट्रिय सहयोगका नयाँ अवसरहरू खोल्नेछ । साथै, यसले एसियाका विकासशील र अविकसित देशहरूबीचको दूरीलाई पनि घटाउन मद्दत गर्ने विश्वास लिएको छु ।'

नयाँ कार्यसमितिमा पिकमको प्रतिनिधित्व गर्दै मलेसियाका अध्यक्ष स्टान सिंह-जितको पुनः नेतृत्वमा नेपाल, मलेसिया, थाइल्यान्ड, मकाउ, म्यानमार, जापान, दक्षिण कोरिया, श्रीलंका, भियतनाम, ताइवान, इन्डोनेसिया, लाओस, सिंगापुर र फिलिपिन्सका सूचना तथा सञ्चार प्रविधि क्षेत्रका संगठनका प्रतिनिधिहरू निर्वाचित भएका छन् ।

क्यान महासंघका महासचिव चन्द्र विलास भुर्तेलले कुँवरको नेतृत्वमा विश्वसामु नेपाली सूचना प्रविधि क्षेत्र र संस्थाहरूलाई चिनाउन महत्त्वपूर्ण भूमिका खेलिएकाले नै सर्वसम्मत निर्वाचित हुने वातावरण सिर्जना भएको बताए । उनले आगामी कार्यकालमा पनि कुँवरबाट उल्लेख्य योगदान पुग्ने र नेपालले त्यसबाट लाभ प्राप्त गर्ने विश्वास व्यक्त गर्दै बधाइ दिए ।

'असोसियोमा उहाँको प्रतिनिधित्वले बदलिँदो प्रविधि र डिजिटल अर्थतन्त्रमा सबैको पहुँच एवं सूचना तथा सञ्चार प्रविधि मार्फत समृद्ध नेपाल बनाउने क्यान महासंघको प्रयासमा मद्दत पुग्ने हाम्रो विश्वास रहेको छ,' महासचिव भुर्तेलले भने ।

# अनरले ल्यायो चाडपर्वलक्षित 'तीन चाडको बहार' योजना

**काठमाडौं/मस-** अनर नेपालले आगामी चाडपर्वको अवसरमा ग्राहकहरूका लागि 'तीन चाडको बहार, अनरको साथमा उपहारै उपहार' नामक विशेष उपहार योजना सार्वजनिक गरेको छ । यो अफर अक्टोबर ४ देखि नोभेम्बर १५ सम्म लागू हुने अनरले जनाएको छ । यस योजनाअन्तर्गत अनरका योग्य स्मार्टफोन तथा ट्याब्लेट खरिद गर्ने ग्राहकहरूले उपहार कार्यक्रममा सहभागी हुने अवसर प्राप्त गर्नेछन् । अभियान अवधिभर हरेक दिन १० जना भाग्यशाली विजेताले 'अनर एक्स७ई एक्टिभ इयरबड्स' प्राप्त गर्नेछन् । त्यसैगरी, दैनिक ३ जना




भाग्यशाली विजेताहरूले 'अनर वाच २ प्रो' जित्न सक्नेछन् । यसका साथै, उत्सवको खुसीलाई थप बढाउन कुल ८ जना भाग्यशाली विजेताहरूले थाइल्यान्ड भ्रमणको बम्पर उपहार पाउने अनरले जनाएको छ ।

# लिपमोटरद्वारा सेप्टेम्बरमा १ लाख ५ हजार ६५६ युनिट डेलिभरी, ऐतिहासिक कीर्तिमान

**काठमाडौं/मस-** लिपमोटरले आफ्नो विश्वव्यापी विस्तारमा अर्को महत्वपूर्ण उपलब्धि हासिल गर्दै सेप्टेम्बर २०२६ मा विश्वभर एक लाख ५ हजार ६ सय ५६ युनिट सवारीसाधन डेलिभरी गरेको छ र तेस्रो त्रैमासिकमा ३ लाख १० हजार ५२ युनिट डेलिभरीको आँकडा पार गरेको छ । यो उपलब्धिसँगै ब्रान्डले लगातार तेस्रो महिना मासिक १ लाख युनिटभन्दा बढी डेलिभरीको प्रतिष्ठित कोशेढुङ्गा पार गरेको छ, जसअनुसार सेप्टेम्बरमा वार्षिक आधारमा ५९ प्रतिशत र तेस्रो त्रैमासिकमा ७८.३ प्रतिशतको उल्लेख्य वृद्धि भएको छ ।




यस त्रैमासिक गतिले सन् २०२६ को पहिलो नौ महिनामा लिपमोटरको कुल विश्वव्यापी डेलिभरीलाई ६ लाख ६६ हजार ५ सय ३९ युनिट पुर्‍याएको छ , जसले सन् २०२५ को पूरा वर्षको कुल संख्यालाई समेत उछिनेको छ । विश्वव्यापी अटोमोटिभ क्षेत्रको अग्रणी कम्पनी स्टेलान्टिससँगको संयुक्त साझेदारी 'लिपमोटर इन्टर नेसनल' को सहयोगमा ब्रान्डको अन्तर्राष्ट्रिय उपस्थिति तीव्र गतिमा अघि बढिरहेको छ । लिपमोटरले विश्वमै तीव्र गतिमा वृद्धि भइरहेको नयाँ ऊर्जा सवारीसाधन आविष्कारकहरूमाझ आफ्नो स्थान थप मजबुत बनाउँदै गर्दा, सांग्रिला मोटर्स प्रालिले यो विश्वव्यापी गतिलाई नेपालका सडकहरूमा निरन्तर भित्र्याइरहेको छ । टी जिरो थ्री, बी जिरो थ्री एक्स, बी टेन, सी टेनजस्ता स्मार्ट तथा उच्च कार्यक्षमता भएका विद्युतीय सवारीसाधनहरूमार्फत, यो ब्रान्ड नेपालभरका चालकहरूलाई उन्नत इभी प्रविधि, प्रिमियम सुरक्षा र भरपर्दो दिगो गतिशीलता प्रदान गर्न प्रतिबद्ध रहेको छ ।

# इनड्राइभको 'सुनको सवारी' क्याम्पेन सुरु

**काठमाडौं/मस-** इनड्राइभले नेपालीहरूको महान् चाड दसैं-तिहारको अवसर पारेर यात्रुहरूका लागि विशेष चाडपर्व क्याम्पेन 'सुनको सवारी' सुरु गरेको छ । क्याम्पेनअन्तर्गत यात्रुहरूले इनड्राइभमार्फत राइड्स पूरा गरी ५ ग्रामका सुनका सिक्का, सामसुङ स्मार्ट टिभी र स्मार्टवाच लगायतका आकर्षक उपहार जित्ने अवसर प्राप्त गर्नेछन् । ६ हप्तासम्म सञ्चालन हुने यो क्याम्पेन अक्टोबर १ देखि नोभेम्बर ११, २०२६ सम्म जारी रहनेछ । दसैं र तिहारको समयमा किनमेल, परिवार तथा आफन्तसँगको भेटघाट, टीका तथा अन्य चाडपर्व गतिविधिका कारण यात्राको आवश्यकता बढ्ने भएकाले यात्रुहरूको दैनिक यात्रालाई थप उत्साहपूर्ण र यादगार बनाउने उद्देश्यले इनड्राइभले यो क्याम्पेन ल्याएको हो । 'सुनको सवारी' क्याम्पेनअन्तर्गत यात्रुहरूले हरेक हप्ता पूरा गर्ने राइड्सको संख्याका आधारमा विभिन्न लक्की ड्रमा सहभागी हुने अवसर प्राप्त गर्नेछन् । एक हप्तामा ५ वा सोभन्दा बढी राइड्स पूरा गर्ने यात्रुहरू ५ ग्राम सुनको सिक्का जित्ने लक्की ड्रका लागि योग्य हुनेछन् । त्यस्तै, ३ वा सोभन्दा बढी राइड्स पूरा गर्ने यात्रुहरू ३२




इन्च सामसुङ स्मार्ट टिभी जित्ने अवसरका लागि सहभागी हुन सक्नेछन् भने कम्तीमा एउटा राइड पूरा गर्ने यात्रुहरू स्मार्टवाच लक्की ड्रमा सहभागी हुनेछन् ।

६ हप्ताको अवधिमा इनड्राइभले यात्रुहरूलाई कुल ६ वटा ५ ग्राम सुनका सिक्का, ६ वटा ३२ इन्च सामसुङ स्मार्ट टिभी र १२ वटा स्मार्टवाच प्रदान गर्नेछ । यस क्याम्पेनमा चाडपर्वको शुभ अवसर, उत्साह र भाग्यको भावनालाई केन्द्रमा राखिएको छ । योग्य यात्रुहरूले आफ्नो नियमित यात्रामार्फत विभिन्न उपहार जित्ने अवसर प्राप्त गर्नेछन् ।

इनड्राइभ नेपालकी मार्केटिङ म्यानेजर श्रेया मानन्धरले भनिन्, 'दसैं र तिहार नेपालीहरूको लागि परिवार, आफन्त र समुदायसँग जोडिने विशेष समय हो । 'सुनको सवारी' मार्फत हामी यात्रुहरूको चाडपर्वका यात्राहरूलाई अझ रमाइलो र विशेष बनाउन चाहन्छौं । यात्रुहरूले आफ्नो नियमित यात्रामार्फत विभिन्न उपहार जित्ने अवसर पाउनुहुनेछ, जसले दैनिक यात्रामा थप उत्साह र खुसी थप्नेछ ।'

'सुनको सवारी' क्याम्पेन नेपाली चाडपर्वसँग जोडिएको समृद्धि, शुभता र भाग्यको सांस्कृतिक भावनाबाट प्रेरित रहेको छ । दसैंको समयमा खेलिने रमाइलो तथा भाग्यसँग सम्बन्धित गतिविधिहरू र तिहारमा सुनलाई समृद्धि तथा शुभताको प्रतीकका रूपमा हेर्ने परम्परालाई यात्रासँग जोड्दै इनड्राइभले यो अवधारणा प्रस्तुत गरेको हो । क्याम्पेन अवधिभर इनड्राइभले आफ्ना सामाजिक सञ्जाल प्लेटफर्ममार्फत विजेताहरूको घोषणा गर्नेछ । साथै, डिजिटल सामग्री, इन्फ्लुएन्सरमार्फत प्रचार तथा अन्य क्याम्पेन गतिविधिहरू सञ्चालन गरिनेछन् ।

# टिभिएस रेडर १२५ सिंगल सिट सार्वजनिक



**काठमाडौं/मस-** टिभिएस मोटर कम्पनीको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्स प्रा.लि.ले नेपाली बजारमा नयाँ टिभिएस रेडर १२५ सिंगल सिट मोटरसाइकल सार्वजनिक गरेको छ । काठमाडौंको भृकुटीमण्डपमा आयोजित विशेष कार्यक्रमका बीच यो नयाँ मोडल नेपाली बजारमा प्रस्तुत गरिएको हो । नेपालमा यो मोटरसाइकलको सुरुवाती मूल्य २ लाख ७९ हजार ९ सय रुपैयाँ तोकिएको छ ।

नयाँ सिंगल-सिट भेरियन्टले रेडरको परिचित स्पोर्टी डिजाइन र प्रदर्शनलाई कायम राख्दै भृकुटीमण्डपमा आयोजित विशेष समारोहमा जगदम्बा मोटर्सकी अध्यक्ष दीपा अग्रवाल, उपाध्यक्ष दीपक रौनियार, कलाकार कर्मा लामा तथा निश्छल अर्यालले संयुक्त रूपमा नयाँ मोटरसाइकल अनावरण गरेका थिए । जगदम्बा मोटर्सकी अध्यक्ष दीपा अग्रवालले नयाँ सिंगल सिट भेरियन्टले युवा राइडरहरूलाई स्पोर्टी पहिचानका साथै थप आराम र दैनिक प्रयोगको सहजता प्रदान गर्ने बताइन् । त्यसैगरी, उपाध्यक्ष दीपक रौनियारले आकर्षक डिजाइन, उत्कृष्ट प्रदर्शन र व्यावहारिक प्रयोग चाहने युवा ग्राहकका लागि यो मोडल उपयुक्त विकल्प हुने विश्वास व्यक्त गरे ।

# भेस्पा तथा अप्रिलियाको नयाँ सोरुम भक्तपुरमा



**भक्तपुरमा/मस-** नेपालका लागि सर्वाधिक लोकप्रिय स्कुटर भेस्पा तथा अप्रिलियाको वितरक डेल्टा अटोकर्पले भक्तपुरको घलाते चोकमा नयाँ सुविधासम्पन्न सोरुम खोलेको छ ।

कम्पनीको स्कुटर प्रति बढ्दो रुचि र ग्राहकवर्गको सुविधा र सहजतालाई मध्यनजर गर्दै देशैभर सोरुम विस्तार गर्ने क्रममा यो सोरुम खुलेको हो । यस सोरुममार्फत ग्राहकहरुले अन्य सोरुम सरहको सेवा, सुविधा पाउने छन् । कम्पनीले भर्खरै लञ्च गरेको नेपालकै पहिलो १७५ सिसीको पावरफुल, स्टाइलिस र बेस्ट पर्फर्मेन्सको स्कुटर अप्रिलिया एसआर १७५ पनि बिक्रीको लागि राखिएको छ भने अत्यन्तै आकर्षक दुई नयाँ कलर लाइल्याक र गोल्डेन ओरो कलरको नयाँ दुई भेस्पा्लगायतका भेस्पा तथा अप्रिलियाको सम्पूर्ण मोडल यस सोरुममा उपलब्ध छ ।

सोरुममा भेस्पा, अप्रिलिया खरिदका लागि आउने ग्राहकहरूले आकर्षक दसैं अफर भेस्पा, अप्रिलियासँग दसैंको दक्षिणामा समेत समावेश गराई हरेक खरिदमा स्क्र्याचमार्फत रु. १ लाखसम्म क्यास र पक्का उपहारमा अनर एक्स फाइभ प्ले स्मार्ट वाच उपहार प्रदान गरिनेछ । अफरअन्तर्गत हरेक एक्सचजमा पनि २५ हजार रुपैयाँसम्मको क्यास ब्याक पाउन सकिनेछ भने नागरिकताको भरमा शून्य प्रतिशत सर्भिस चार्जमा फाइनान्स सुविधा पनि उपलब्ध हुनेछ । डेल्टा अटोकर्पका डाइरेक्टर तथा सिइओ विजय महतोले भने, 'भेस्पा र अप्रिलियाको प्रतिष्ठित इटालियन विरासतलाई भक्तपुरसम्म ल्याउँदै गर्दा आज हाम्रो लागि महत्त्वपूर्ण अवसर बनेको छ । कला, संस्कृति र हस्तकलाको समृद्ध विरासत बोकेको भक्तपुर यी दुई प्रतिष्ठित ब्रान्डका लागि स्वाभाविक गन्तव्य बनेको छ । नयाँ सोरुममार्फत यहाँका ग्राहकलाई इटालियन डिजाइन, उत्कृष्टता र पर्फर्मेन्सको नयाँ अनुभव प्रदान गर्न पाउँदा हामी गौरवान्वित छौं र ग्राहकहरूलाई स्वागत गर्न उत्साहित छौं ।' त्यस्तै, डाइरेक्टर केतन भिमसारियाले भने, 'नेपालको सम्पदा र संस्कृतिमा भक्तपुरको विशेष स्थान छ र यसको विकास यात्राको हिस्सा बन्न पाउँदा हामी निकै खुसी छौं । नयाँ सोरुमको सुरुवातसँगै हामी भक्तपुरको समृद्ध विरासतलाई भेस्पा र अप्रिलियाको विशिष्ट इटालियन पहिचानसँग जोड्दै छौं ।

# सिटिजन्स क्यापिटलको २० औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं/मस-** सिटिजन्स क्यापिटल लिमिटेडले आफ्नो २० औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । साधारण सभाले आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट १३ प्रतिशत नगद लाभांश दिने प्रस्ताव पारित गरेको हो । सिटिजन्स बैंक इन्टरनेशनलको सहायक कम्पनीको रुपमा रहेको सिटिजन्स क्यापिटल लिमिटेडले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सामूहिक लगानी कोषको व्यवस्थापन, धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श सेवा, धितोपत्र प्रत्याभूतिकर्ता, सेयर रजिष्ट्रार तथा डिम्याट खाता लगायत लगानीकर्तासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न पुँजी बजार सम्बन्धी कार्यहरू सञ्चालन गर्दै आइरहेको छ ।


## साईपाल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**काँडा, बझाङ**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०६/२०**

यस गाउँपालिकाद्वारा मिति २०८२/१०/२९ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम **Contract ID:- SRM / NCB / 03 / 2082-083** का लागि रितपूर्वक प्राप्त भएका बोलपत्रहरुको पुनः प्राविधिक मूल्यांकन भई देहाय बमोजिमका बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ ज (७) बमोजिम सफल बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८३/०६/२६ गते दिउँसो १२:४५ बजे साइपाल गाउँपालिकाको सम्पर्क कार्यालय चैनपुर बझाङमा खोलिने भएकाले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| कामको विवरण | प्राविधिक मूल्यांकनमा सफल भएका बोलपत्रदाता |
|---|---|
| Construction Of Administrative Office Building Of Saipal Rural Municipality | TALJU-PC-M.N.S.JV, Kageshwori Manohara, Kathmandu |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**